# आर्थिक वर्ष २०७८ /०७९ को
# नीति, कार्यक्रम तथा बजेट

परशुराम नगरपालिका

## परशुराम नगरपालिका

### जोगबुडा, डडेल्धुरा

**मिति: २०७८ असार १० गते**

## परशुराम नगरपालिकाका नगर प्रमुख श्री भीमबहादुर साउदद्वारा नवौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट

**नगर सभाका सभाध्यक्ष ज्यू,**

**नगर सभाका सदस्य ज्यूहरु,**

कोभिड १९ को दोश्रो भेरियण्टको महामारीले सिर्जना गरेको विषम परिस्थितिमा विश्व त्रसीत भएको अवस्थामा सांस्कृतिक पर्यटकीय नगर परशुराम नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय नगर सभामा प्रस्तुत गर्दैछु । यस अवस्थामा कोरोना महामारीको जोखिमबाट ज्यान गुमाएकाहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै संक्रमणबाट प्रभावितहरुको शिघ्र स्वास्थ्य लाभको लागि कामना गर्दछु । साथै विपद्को यस घडीमा विपद्सँग जुझ्नका लागि आवस्यक सावधानी अपनाउन पनि अनुरोध गर्दछु ।

नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै गर्दा देशको स्वतन्त्रता, स्वाधीनता र लोकतन्त्र तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नका लागि जीवन उत्सर्ग गर्ने शहिद तथा नेपाली राजनीतिका दिबंगत मुर्धन्य राजनेताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाली राजनीतिलाई परिवर्तनको उचाईमा पुर्‍याउने तथा आर्थिक, राजनीतिक, सामाजिक परिवर्तनको युगान्तकारी नेतृत्वदायी भुमिका निर्वाह गर्ने राजनेताहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

यस परशुराम नगरपालिका वडा नं. ०८ को आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारी अस्मिता धामी कार्यालयको कामको सिलसिलामा जोगबुडा आउँने क्रममा मिति २०७८।०३।०५ गतेका दिन मृत अवस्थामा फेला परेकी हुँदा उहाप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै उहा लगायत ज्यान गुमाएका अन्य मृतकका शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछु । यसरी निरन्तर वढिराखेको महिला हिंसा, आत्महत्या, वलात्कार लगायतका अमानवीय घटना र क्रियाकलापहरु प्रति खेद प्रकट गर्दछु । यस

नगरको नेतृत्वको जिम्मा दिई *"हाम्रो नगर राम्रो नगर परशुराम नगर समुन्नत र सम्वृद्ध नगर"* बनाउने सुन्दर परिकल्पना बोकेका सम्पुर्ण नगरवासीहरु प्रति उच्च सम्मान तथा आभार व्यक्त गर्न चाहन्छु । नगर सभामा उपस्थित नगर सभाका सदस्य ज्यूहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहन्छु ।

कार्यकालको उत्तरार्द्धमा नगर सभा मार्फत सांस्कृतिक एवं पर्यटकीय नगर परशुराम नगरपालिकाको नगर प्रमुखको हैसियतले नेपालको संविधान २०७२ को भाग १९ धारा २३० बमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमानलाई दिशा निर्देश सहितको नगरपालिकाको यस गरिमामय नगरसभामा आर्थिक वर्ष २०७८/०७९ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अवसर पाउदा आफुलाई गौरवान्वित महसुस गरेको छु । विगत हाम्रा सामु ईतिहासका रुपमा सुरक्षित छ, समयले त्यसको समिक्ष गर्ने नै छ । हाम्रो क्षमता र वर्गतले भ्याए सम्म उपलब्ध स्रोत साधनहरुको समुचित र सन्तुलित व्यवस्थापन गर्दै प्राप्त उपलब्धिहरु नगरवासी का सामु छर्लगं छन् । कार्यकालको बाँकी अवधिका लागि र नगरको परिवर्तनको दीर्घकालिन चित्र कोर्न आवस्यक पर्ने नीति कार्यक्रम र बजेट तर्जुमा गरि प्रस्तुत गरेको छु ।

आज विश्व कोभिड १९ को दोश्रो भेरियण्टको चपेटामा रहेको अवस्था छ । यस महामारीले मानव जीवनमा निकै ठूलो क्षती पुर्‍याएको छ भने आर्थिक सामाजिक गतिविधिलाई पनि प्रत्यक्ष प्रभावित गरेको छ ।

देशमा जोखिम बढिरहेको अवस्थामा संघिय सरकारले गरेको निर्णयानुसार निशेधाज्ञाको पूर्ण पालना गर्दै नगरपालिकाले उच्च सतर्कता समेत अपनाएको छ । यस सन्दर्भमा संघीय सरकार, प्रदेश सरकारसँग निरन्तर सम्पर्क र समन्वय भईरहेको छ । गत वर्षको क्वारेन्टीन आईसोलेसन व्यवस्थापनको परिस्थितिलाई मध्यनजर गरी जोगबुडा अस्पताल सँगै क्वारेन्टीन आईसोलेसन भवन निर्माण गरी पूर्व सतर्कता अपनाईएको थियो । जोगबुडा अस्पतालमा अक्सिजन सिलेण्डर, कन्सन्टेटरको व्यवस्था गरी उपचारको व्यवस्थापन गरिएको छ । महामारीबाट सिर्जित समस्याले देशको अर्थतन्त्र तहस नहस

भएकोमा अपेक्षाकृत राजस्व उठ्न नसकेको अवस्था छ । सिमित श्रोत साधनका बाबजुत तथा महामारीको चुनौती सँग लड्नुपर्ने विषम परिस्थितिमा नीति कार्यक्रम र वजेट प्रस्तुत गर्दैछु । कोभिड - १९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्यूनीकरण गर्दै जनजिवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौती हो । महामारीको अवस्थामा स्थानीय सरकारका आवस्यकता र प्राथमीकताहरु पनि फेरिएकाले हाम्रो नगरपालिकाको बजेट, नीति एवं कार्यक्रम सामान्य अवस्थाको भन्दा फरक हुने निश्चित छ । अपेक्षाकृत योजनाहरुमा सम्बोधन हुन नसके पनि स्वास्थ्य उपचार, क्वारेन्टाईन व्यवस्थापन, स्वास्थ्य संस्थाहरुको क्षमता अभिबृद्धि वेरोजगार भई घर फर्केकाहरुलाई विकास कार्यमा सहभागी गराइ रोजगारीका वैकल्पिक अवसर जुटाउने योजना सहितको कार्यक्रम तयार भएको छ ।

**नगर सभाका सभाध्यक्ष ज्यू,**

परशुराम नगरपालिकाको भौगोलिक विकटताले हामीले चाहेजती काम गर्न सकिने परिस्थिति छैन । भौगोलिक विकटता, चुरे क्षेत्रको कमजोर भु बनोट, सयौंको संख्यामा रहेका खहरे खोलाहरु विकासको बाधक एवं चुनौतीको रुपमा रहेका छन । हामी सँग प्रशस्त सम्भावना पनि छन् । जती सम्भावना छन त्यतिकै चुनौतिहरु विद्यमान रहेका छन । साथै कोरोना महामारीले थप चुनौती सिर्जना गरेकोछ । चुनौतीको सामना गर्दै अवसरको सिर्जना गर्न निरन्तर लागि परेका छौं । हाम्रो प्रयासबाट मलास, साइसौन, गोगन, बसौटी, थपला, सिमलवण्ड, पलगडी, सुरखाल क्षेत्रलाई सडक सञ्जालमा जोड्न सफल भएका छौं । नगरपालिकाले ४ वर्षको अवधिमा विकासको क्षेत्रमा नयाँ आयाम थप गरेको छ । नगरपालिकामा यस अवधिमा झण्डै चार हजारको संख्यामा योजना कार्यान्वयन भएका छन् । नगरपालिकाले १२ वटै वडामा वडा कार्यालय स्थापना गरी सेवा प्रवाह गरि रहेको छ । अधिकांस वडाहरुमा आफ्नै कार्यालय भवनबाट सेवा प्रवाह गरिएको छ । नगरपालिकाको आफ्नै छुट्टै कार्यालय भवन र कम्पलेक्स भवनको निर्माण

गरिएको छ । नगरका सवै वडा सदरमुकामलाई सडक सञ्जालमा जोडिएको छ । दुर्गम बस्तीका ठूलो भुगोल र जनसंख्या  भएका गाउँहरुलाई सडक सञ्जालमा जोड्ने लक्ष्य लिईएकोछ । प्रत्येक वडामा स्वास्थ्यका आधारभुत ईकाईहरु स्थापना भएका छन् । जोगबुडा अस्पताल, परिगाउँ, साँदनी स्वास्थ्य चौकी र अन्य वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्र र ६ वटा सहरी स्वास्थ्य केन्द्र स्थापना भई स्वास्थ्य सेवा उपलब्ध गराईएको छ । शिक्षाको चौतर्फी विकासलाई महत्वका साथ लिई कार्यक्रम संचालित भएका छन् । परशुराम नगरपालिकालाई सांस्कृतिक पर्यटकीय नगर घोषणा गरिएको छ । नगरपालिकाका पर्यटकीय गन्तब्य पहिचान गरी पर्यटकीय सम्भावनाहरु पहिल्याईएका छन् । परशुराम तिर्थ लगायत सांस्कृतिक धार्मिक महत्वका क्षेत्रको संरक्षण, सम्वर्द्धन र विकासको थालनी गरिएको छ । परशुराम तीर्थलाई सनातन हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र बनाउने लक्ष्य लिईएको छ । कृषि, पशुपालन लाई व्यावसायिकरण गर्दै खाद्यान्नमा आत्मनिर्भर र तरकारी फलफूल निर्यात गर्ने नगर बनाउने लक्ष्य लिईएको छ । नगरसभावाट विभिन्न विधेयकहरु पारित भई ऐन, नियम, कार्यविधि तयार भई कार्यान्वयनमा आएका छन् ।

परशुराम नगरपालिकाको नेतृत्व सम्हालेसंगै नगरबासी, जनप्रतिनिधिहरु र कर्मचारीहरुको साथ र सहयोगबाट नगरपालिकाको प्रशासनिक एवं सुशासनका क्षेत्रमा उल्लेख्य काम कारवाही भएका छन् । नगरमा सञ्चालित  योजनाहरु दक्ष जनशक्तिका अभावका बाबजुद पनि नगरपालिकामा कार्यान्वयनमा आएका छन् । नगरकार्यपालिकाका सदस्य साथिहरु नगरको विकासका लागि दत्त चित्त भएर लागेको अवस्था छ । प्रत्येक वडामा भुगोल र जनसंख्याको आधारमा टोल विकास संस्था गठन भई क्रियाशिल अवस्थामा रहेका छन् ।  नगरकार्यपालिकाका विभिन्न समितिहरु गठन भई आ- आफ्नो विषयका काम थालनी गरिएको छ । न्यायिक समितिले सम्पादन गर्नुपर्ने कामलाई व्यवस्थित गर्न न्यायिक समितिको ईजलास निर्माण प्रकृया अगाडि बढाईएको छ । न्यायिक समितिकै पहलमा सवै वडाहरुमा वडास्तरीय मेलमिलाप केन्द्रहरु गठन भई क्रियासिल रहेका छन् ।

नगरको आन्तरिक काम कारवाही संगै हाम्रो पहलमा नगरलाई समुन्नत बनाउने अभियानमा महत्वपूर्ण कार्य भएका छन् । त्रिवेणी बहुमुखी क्याम्पस सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको आंगीक क्याम्पस बनेको छ । परशुराम प्राविधिक शिक्षालय स्थापनाको लागि विशेष पहल गरिएको छ । श्री सिद्धनाथ मा. वि. जयपुर जोगबुडा र श्री भागेश्वर मा. वि. कटालमा प्राविधिक धार तर्फ पठन पाठन प्रकृयालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन विभिन्न शैक्षिक गुणस्तर सुधारका कार्यक्रम लागु गरिएका छन् । परशुराम तीर्थको विकास गुरुयोजना अनुरुप सहरी विकास विभागको संघीय आयोजना कार्यान्वयन ईकाईबाट बिशेष कार्यक्रम लागु गरि निर्माण कार्य अन्तिम चरणमा पुगेकोछ । परशुराम रंग मैदान लालढुंगामा परशुराम कभर्ड हलको निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको छ । जोगबुडा अस्पतालको भौतिक संरचना निर्माण कार्य शुरु भएको छ । रंगुन नदी नियन्त्रण गुरुयोजनाको कार्यक्रम निरन्तर चलिरहेको छ । शीर्ष खोला, कलेना खोला, साँदनी खोला तटबन्धन कार्य, नगरपालिकाको पहलमा संघ सरकार र प्रदेश सरकारबाट निर्माण कार्य थालनी गरिएको छ । रंगुन खोला, पन्तुरा खोला, डङ्सेरा खोला, सेला खोला, नाउली खोला, खप्पा खोला, जालटुडा खोला, घरेलु खोलामा पक्की पुलको निर्माण कार्य केही सम्पन्न र केहि चलिरहेका छन् भने साँदनी खोला, रंगुन नदीमा पनपा १२ र १ जोड्ने सलौन खजुरानी जोड्ने पुलको र साँदनी खोला पक्की पुलको टेण्डर प्रक्रिया अगाडी बढी बोलपत्र स्वीकृत समेत भईसकेको छ र सिद्धाथान- सरगौडा पन्तुरा खोला, शिर्ष गाड, काफल गैरा खोला, पातली खोला, नाउला खोला सडक पुल निर्माणको प्रक्रिया अगाडी बढेको छ । बुडर जोगबुडा सडक, कटाल परिगाउँ परशुरामधाम सडक, जोगबुडा गाइबादे लिप्ना सडकहरुको स्तरोन्नती भई कालोपत्रे हुने क्रममा रहेका छन् । जोगबुडा– सादनी– गैरीखान सडक, गैरीखान - मलास सडक, गैरीखान- साईसौन- पुरणपानी सडकहरु नगरपालिका र नगरपालिकाको समन्वयमा प्रदेश सरकारको सहयोगमा क्रमागत रुपमा निर्माण भईरहेका छन् । । महाकाली करिडोरको निर्माण कार्य द्रुत गतिमा भईरहेको छ । तराइ पहाडको परम्परागत पैदल

बाटोका रुपमा रहेको जोगबुडा- गोगन- चिरकिट्टे सडकको ट्र्याक खोलि उल्लेखनीय काम भएको छ । जिल्ला सदरमुकाम जान आफ्नै जिल्लाको सडक प्रयोग हुने बाटो खुलेको छ । मदन भण्डारी लोकमार्ग मार्फत जोगबुडा शीर्ष, रुपाल सडकको डिपिआर तयार भएको छ । जोगबुडा शीर्ष थपला रुपाल सडकको परशुराम नगरपालिकाको सिमाना सम्म ट्र्याक खोल्ने प्रक्रिया चलिरहेको छ । सादनी गैरीखान महेन्द्रनगर सडकलाइ नगरपालिकाको वैकल्पिक व्यापारिक मार्गका रुपमा स्थापित भईरहेको छ । शीर्ष बसौटी सडक सञ्जालमा जोड्ने कार्य द्रुत गतीमा भईरहेको छ। बसौटी, सुरखाल, मलास, थपला, पलगडी जस्ता अति दुर्गम बस्तीहरुमा सडक पुग्नु हाम्रो कार्यकालको महत्वपूर्ण उपलब्धी मानिएको छ । त्यस्तै वर्षौं देखि पानी नपाई काकाकुल रहेको मलास, भुमिथला, पलगडीमा खानेपानी पुर्‍याउनु, उज्यालो नगरपालिका अभियान अन्तर्गत नगरपालिका भरी निकट भविष्यमा केन्द्रिय प्रसारण लाइन विस्तारको सुनिस्तिता हुनु, प्रदेश संघ सरकार सँगको समन्वयमा ठूला ठूला आयोजनाहरु यस नगरमा कार्यान्वयन हुनुलाई उपलब्धि नै मान्नुपर्छ । न्यून स्रोत साधन र अपर्याप्त जनशक्ति का बावजुद विभिन्न ऐन नियम कार्यविधी तर्जुमा गरी कार्यान्वयनमा ल्याईएका छन् ।

**नगर सभाका सभाध्यक्ष ज्यू,**

परशुराम नगरपालिकाको सन्तुलित विकासका लागि बिभिन्न तहमा भएका हाम्रा अभ्यास र प्रयासलाई नगरपालिकाको नीति, कार्यक्रमका रुपमा दस्तावेज तयार पारेको छु । संघ सरकार र प्रदेश सरकारको शशर्त अनुदान, समानीकरण अनुदान, विशेष अनुदान, समपुरक अनुदान, नगरपालिकाको आन्तरिक आम्दानी, राजस्व बाँडफाड, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यकम, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुका कार्यकमहरु सहितको वजेट र वजेट परिचालन सम्बन्धी नीति कार्यक्रम तयार गरि गरिमामय सभामा आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

## बजेट तथा योजना तयारीका आधारहरुः

बजेट तथा योजना निर्माण गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, पन्ध्रौं योजनाको आधार पत्र, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि - २०७४ एवं स्थानीय तहहरुको संस्थागत क्षमता स्वमूल्यांकन प्रणालीले निर्दिष्ट गरेको व्यवस्थाहरु, बस्ती, टोल र वडा भेलाका निर्णयहरु, विषयगत समितिबाट पारित भई आएका निर्णयहरु, राजस्व परामर्श समितिको निर्णय, स्रोत अनुमान तथा प्रक्षेपण समितिको निर्णय, बजेट तथा योजना तर्जुमा समितिको निर्णय, बालमैत्री स्थानीय शासन रणनिती, फोहरमैला व्यवस्थापन नीति, संघ र प्रदेशबाट प्राप्त मार्ग निर्देशन, मन्त्रालय र नगरपालिका बिच कार्य सम्पादन सम्झौतामा उल्लेखित सुचकहरु, परशुराम नगरपालिकाको  नगर सभा र नगरकार्यपालिकाका  निर्णयहरु, भवन निर्माण मापदण्ड २०७२, संघ सरकार र प्रदेश सरकारका अगामी आर्थिक वर्षको लागि तय गरेका नीति एवं कार्यक्रमहरु, बस्ति तहबाट छनौट भई आएका योजना, प्रबुद्ध वर्ग, विषय विशेषज्ञ, समाजसेवी, राजनीतिकर्मी संगको परामर्शका साथै समसामयीक परिस्थितिलाइ आधार बनाएको छु ।

## लक्ष्य :

वर्तमान विषम परिस्थितिबाट श्रृजित समस्याहरुको उचित व्यवस्थापन गर्दै समुन्नत, समृद्ध, नमुना, सांष्कृतिक-पर्यटकीय नगर अनुरुपका विकास निर्माणका कार्य सम्पन्न गर्नु , खाद्य सुरक्षा तथा पोषण युक्त खाद्यपदार्थको सुनिश्चिता गरी सवै प्रकारका गरिविहरुको अन्त्य गर्नु, दिगो कृषि प्रवर्धन, स्वस्थ, सुखि र समृद्ध जीवन सुनिश्चित गर्नु, सवैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गरी जीवन पर्यन्त सिकाईका अवसरहरु प्रबर्धन गर्नु, लैंगिक समानता, समानुपातिक सामाजिक समावेशिकरण, दिगो विकासका लक्ष्य हासिल गर्नु, शुद्ध पीउने पानी र सरसफाईको

उपलब्धता सुनिश्चित गर्नु, सबैका लागि किफायती, बिश्वसनीय, दिगो र आधुनिक उर्जा एवं सूचना सञ्चारको पहुँच अभिबृद्धि गर्नु, दिगो आर्थिक बृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी तथा मर्यादित कामको प्रबर्धन गर्नु यस नीति कार्यक्रम तथा बजेटको मुख्य लक्ष्य रहेको छ ।

उदेश्य :

- समुन्नत, समृद्ध नगर निर्माण गरि प्रत्येक नागरिकलाई स्थानीय सरकारको अनुभुती गराउनु नीति कार्यक्रम तथा बजेटको मुख्य उद्देश्य रहेको छ ।
- कोभिड - १९  दोश्रो भेरियण्टको  प्रभावबाट नगरबासीलाइ सुरक्षित महशुस गराउने ।
- बढ्दो वेरोजगारीहरुका लागि विभिन्न प्रक्रियाबाट स्वरोजगारी सिर्जना गर्ने ।
- कृषिजन्य उत्पादनहरु बढाई खाद्यान्नमा आत्म निर्भर तरकारी र फलफूल निर्यात गर्न सक्ने नगर बनाउने ।
- उपलब्ध श्रोत साधनको लक्षित वर्ग, समुह, स्थान बिशेषमा न्यायोचित वितरण तथा उपयोगको अवसर प्रदान गर्ने ।
- दुर दराजका बस्तीलाई बिकासको मुल प्रवाहमा ल्याउने ।
- दिगो विकासका लागि स्वस्छ, हराभरा सुन्दर नगरपालिका निर्माणका लागि हरेक गतिविधीहरु सञ्चालन गर्ने ।
- पोषण नमुना टोलहरुको विकास गर्दै भविष्यमा पोषणमैत्री नमुना नगरपालिका बनाउने अभियानको सुरुवात गर्ने ।
- परशुराम तीर्थलाइ हिन्दू आस्थाको केन्द्र बनाई पर्यटन विकासलाई आर्थिक समृद्धि तिर जोड्ने ।
- दिगो विकासका लक्ष्यहरु हासिल गर्न टेवा पुगाउने ।

परशुराम नगरपालिका

- शैलेश लिंगा, वोडाताल, सिद्धनाथ, भागेश्वर, बाईसओखल जस्ता पर्यटकीय सम्भावना भएका क्षेत्रहरुको संरक्षण सम्बर्द्धन गरिने ।

रणनीति :

- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको श्रोत अनुमान, राजस्व परामर्श समितिको राजश्व प्रतिवेदन, योजना तर्जुमा दिगदर्शन अनुसार योजना तथा कार्यक्रमहरुको छनौट, विभिन्न विषयगत समितिहरु तथा कार्यक्रम तर्जुमा समितिबाट आएको सिफारिसमा आधारित भई वजेट, नीति कार्यक्रम तर्जुमा गर्ने रणनीति अवलम्बन गरिएको छ ।
- कोभिड- १९ दोश्रो भेरियण्टबाट सिर्जित समस्यालाइ सम्बोधन हुने एवं उत्पन्न असरहरुलाई न्यूनीकरण गर्दै जनजिवनलाई नियमित गर्ने रणनीति बनाइएको छ ।
- बिकास निर्माणमा व्यापक जनसहभागिता, उपलब्ध जनशक्तीको अनुभव तथा सिपको सदुपयोग गर्दै पारदर्शि सेवा प्रवाह गरिने रणनीति लिईएको छ ।
- नगरलाई प्राप्त अनुदान तथा आन्तरिक श्रोत परिचालन मात्र नभई बिकास निर्माणमा राष्ट्रिय स्तरका योजना लागु गराउने, सार्वजनिक, निजी, साझेदारी (PPP)को अवधारणा अनुरुप बिभिन्न राष्ट्रीय अन्तरराष्ट्रीय संघ संस्था एवं निजी क्षेत्रहरुलाई बिकास निर्माणमा सगंसँगै लैजाने रणनीति रहेको छ ।
- जनप्रतिनिधिको सहभागीतामा प्रत्येक कार्यक्रमको अनुगमन संयन्त्र तयार गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने नीति अवलम्वन गरिने छ । उपभोक्ता समिति गठन प्रक्रियालाई पारदर्शि, जनसहभागीतामूलक बनाई समयमै योजना कार्यान्वयन गर्ने रणनीति अवलम्वन गरिएको छ ।
- योजना निर्माणमा सार्वजनिक, नीजि र सहकारीलाई एकै साथ लैजाने रणनीति तयार गरिएकोछ ।

## प्राथमीकता :

नीति, कार्यक्रम तथा बजेटको प्राथमिकता देहाय अनुसार रहेको छन ।

- नागरिकको जीवन रक्षा तथा कोभिड -१९ दोश्रो भेरियण्टको प्रभावबाट नगरबासीलाइ सुरक्षित महशुस गराउने कार्यक्रमहरु ।
- चालू आ.व. २०७७०७८ मा वजेट विनियोजन भएका र विभिन्न कारणले सम्पन्न हून नसकेका योजनाहरु सम्पन्न गर्ने ।
- गरीवि न्युनीकरण, रोजगारी श्रृजना र आय आर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्‍याउने योजना ।
- क्रमागत, उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना ।
- आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पुर्‍याउने योजना ।
- स्थानीय श्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित योजना ।
- जनसहभागिता वढी जुट्ने योजनाहरु ।
- लैंगिक समानता, समाजिक समावेसीकरणको अभिवृद्धि हुने योजनाहरु ।
- द्विगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पूर्‍याउने योजना ।
- सेवा प्रवाह, सस्थागत विकास र सूशासनमा योगदान पूर्‍याउने योजना ।
- स्थानीय संस्कृती र पहिचान प्रवर्द्धन हुने योजनाहरु ।
- दूर्गम, पिछडीएका तथा पूर्वाधार विकास कम पुगेका क्षेत्रहरु ।

## नीति, कार्यक्रमका विशेषताहरु

- कोभिड- १९ को दोश्रो भेरियण्टको प्रभावबाट नगरबासीलाइ सुरक्षित महसुस गराउने ।
- बढ्दो वेरोजगारीलाइ विभिन्न प्रकृयाबाट स्वरोजगारमा आवद्ध गराउने ।

- कृषिजन्य उत्पादन बढाउने जसबाट खाद्यान्नमा आत्म निर्भर तरकारी फलफूल निर्यात गर्न सक्ने नगर बनाउने ।
- विकासका नयाँ सम्भावना पहिल्याई विकासमा सवैको पहुँच अभिबृद्धि गर्ने ।
- नगरपालिकाको सवै तह, बस्ति, टोल, समुदाय, क्षेत्र, वर्गलाई यथोचित सम्बोधन गरिएको ।
- शिक्षा, स्वास्थ्य, कृषि, विपद् व्यवस्थापन, सांष्कृतिक पर्यटनलाई मुख्य प्राथमीकतामा राखिएको ।
- क्षेत्रफल , जनसंख्या र राजस्व संकलन क्षमताको आधारमा सन्तुलित एवं न्यायोचित रुपमा वजेट विनियोजन गरिएको ।
- दुरदराजका बस्तिलाई नगरको अनुभुती हुने प्रयास गरिएको ।
- विषयगत समितिहरुलाई सक्रिय वनाई सहभागितात्मक तरिकाबाट नीति कार्यक्रम र वजेट तयारीका चरणहरु सम्पन्न गरिएको ।

**नगर सभाका सभाध्यक्ष ज्यू,**

अव म परशुराम नगरपालिकाले आ. व. २०७८/०७९ मा अवलम्बन गर्ने नीति र तयार पारिएका कार्यक्रम र सोका लागि प्रस्तावित गरेको बजेट सहितका कार्यक्रमहरु विषयगत रुपमा प्रस्तुत गर्न गईरहेको छु ।

(क) **सामाजिक विकास समिति तर्फः**

**१. शिक्षा :-**

- शैक्षिक गुणस्तरका लागि कम विद्यार्थी भएका तथा कम दुरीमा रहेका विद्यालयहरुलाई निर्धारित मापदण्ड बमोजिम मर्ज गरी एकिकरण गरिने छ ।
- शिक्षामा सवै नागरीकको पहुँच सुनिश्चित गरिनेछ ।

परशुराम नगरपालिका

- नगरपालिकाले दरवन्दी मिलानको अभ्यास शुरु गरे सँगै शिक्षक विद्यार्थी अनुपात, विद्यालयको आवश्यकता र विषयगत आधारमा दरवन्दी मिलानलाई तिब्रता दिईनेछ ।
- हरेक विद्यालयमा ईन्टरनेट सेवा जडान गर्न प्रवन्ध मिलाईनेछ ।
- विद्यालयमा स्वास्थ्यकर्मी कार्यक्रम लागु गरिनेछ ।
- नगर शिक्षा योजना निर्माण गरिनेछ ।
- शैक्षिक गुणस्तर, उत्कृष्ट नतिजा, अनुशासन, सरसफाईका आधारमा मापदण्ड निर्माण गरी उत्कृष्ट विद्यालयलाई सम्मान गरिने छ ।
- वालविकास केन्द्रमा कार्यरत सहजकर्ताको शैक्षिक योग्यता लगायतका मापदण्डहरुको आधारमा न्यूनतम योग्यता नपुगेका सहजकर्ताले स्वच्छिक अवकास लिएमा एकमुस्ट रु. १०००००। ( एक लाख मात्र) गोल्डेन ह्यान्सेकको रुपमा उपलब्ध गराईनेछ ।
- सन्तुलित एवं प्रति विद्यार्थी लागतका आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
- माध्यमिक तहमा नेपाल स्काउट, रेडक्रस सर्कल गठन, खेलकुद र संगीत सहितका अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछन् ।
- कक्षा १ मा लागु गरिने एकिकृत पाठ्यक्रम अन्तर्गतको स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ ।
- विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई पुनर्ताजगी तालिमको प्रवन्ध मिलाइनेछ ।
- विद्यालयहरुमा कोभिड १९ को महामारीको विषम परिस्थितिमा समेत वैकल्पिक विधिहरु अवलम्बन गरी पठनपाठन प्रकियालाई निरन्तरता दिईनेछ ।
- परशुराम नपा १२ जयपुर जोगबुडामा परशुराम प्राविधिक शिक्षालय स्थापनाका लागि विशेष पहल गरिनेछ ।

परशुराम नगरपालिका

- विद्यालय शिक्षामा सूचना तथा प्रविधिको प्रयोग तथा पुस्तकालयको विकास गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ। प्रत्येक विद्यार्थीलाई पाठ्यपुस्तक सरल र सहज रुपमा उपलब्ध गराईनेछ।
- विद्यार्थिको सिकाइ उपलब्धिमा बढोत्तरी गरी उत्कृष्ट नतिजाका लागि राम्रा विद्यालयलाई थप प्रोत्साहन गर्नुका अतिरिक्त कार्य सम्पादनमा आधारित मूल्यांकन पद्धतिको विकास गरिनेछ। नतिजाका आधारमा थप अनुदानको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयको भौतिक सेवा विस्तार तथा शैक्षिक कार्यक्रमलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयनका लागि स्थानीयस्तरमा कार्यरत सबै सरकारी तथा गैर सरकारी संस्था बीचको सहयोग तथा साझेदारी मार्फत गुणस्तर अभिवृद्धि गरिने छ।
- सिद्धनाथ मा.बि.जयपुर जोगबुडाको प्राबिधिक धारको सिभिल ईन्जिनियरिङ र भागेशवर मा. वि. कटालको प्राविधिक धारको वाली विज्ञानलाई थप व्यवस्थित गरिने छ।
- विषम परिस्थितिले शिक्षा क्षेत्रमा पारेको प्रभावलाइ न्यूनकिरण गर्न वैकल्पिक शिक्षण सिकाई कार्ययोजना अनुरुप सूचना प्रविधिको प्रयोग गरि वैकल्पिक विधीबाट दूर शिक्षा तथा अनलाईन शिक्षा शिक्षण प्रक्रियाबाट अध्ययन अध्यापनको व्यवस्था मिलाइने छ।
- अपाङ्ग, सुस्त मनस्थितिका वालवालिकाहरुका लागि बिशेष कक्षा संचालन गरिने छन्।
- कक्षा १ देखि ५सम्मका विद्यार्थीहरुलाई दिईदै आएको दिवा खाजालाई थप व्यवस्थित गरिनेछ।
- योग शिक्षालाई बिशेष प्राथमिकता दिईनेछ र योग शिविरहरु संचालन गरिने छन् ।
- नगर शिक्षा समितिलाई थप प्रभावकारी बनाउदै शिक्षाको चौतर्फी विकासका लागि आवस्यक कार्यक्रम तय गरिने छ।

- परशुराम आधारभुत विद्यालय परशुराम क्षेत्रमा वेदविद्याश्रमको कक्षा संचालनका लागि पहल गरिने छ ।
- नगरपालिकाका सम्पूर्ण विद्यालयका प्रधानाध्यापकले नगरपालिका समक्ष कार्यसम्पादन करार सम्झौता गर्ने र शिक्षकहरुले प्र. अ. संग करार सम्झौता गर्ने नीति अवलम्बन गरिने छ । जसका लागि आवस्यक वजेटको ब्यवस्था गरिएको छ ।
- शैक्षिक क्रियाकलापलाई उपलब्धीमूलक बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक कर्मचारीको क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिने छ ।
- भुवनेश्वरी नमुना मा. वि. परिगाउका विगत देखि लागु गरिएको विद्यालय सुधार गुरुयोजनालाई थप ब्यवस्थित गरिनेछ ।
- विद्यालयको सम्पत्ति अभिलेखिकरण गरिने छ । दर्ता हुन बाँकी जग्गालाई विद्यालयको नाममा दर्ता प्रक्रियाका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- नगर परीक्षा बोर्डको स्थापना गरी परीक्षा प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- निरन्तर मूल्यांकन प्रणालीलाई थप प्रभावकारी बनाउदै सिकाई उपलब्धी बृद्धिमा विशेष जोड दिईनेछ ।
- नगरप्रमुख छात्रवृत्ति विशेष कार्यक्रम अन्तर्गत सिद्धनाथ मावि जोगबुडामा विज्ञान विषय अध्ययन गरिरहेका १२ छात्र र १२ छात्रालाई दिदै आएको छात्रबृत्ति र विज्ञान संकाय व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालयमा महिनावारी हुने उमेर पुगेका किशोरीहरुलाई गुणस्तरीय स्यानीटरीप्याड वितरण कार्यकमलाई निरन्तरता दिईनेछ ।
- श्री त्रिवेणी बहुमुखी क्याम्पस जोगबुडामा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यकम लागु गर्न वजेटको ब्यवस्था गरिएको छ साथै स्नातकोत्तर तहको पढाई सञ्चालनका लागि पहल गरिनेछ ।

- श्री शिवशंकर मा वि साँदनीलाई कक्षा ११ स्वीकृती दिईसकिएको छ । चालु शैक्षिक सत्रबाट पढाई सञ्चालन गरिनेछ ।
- श्री भागेश्वर मा वि सलौन र भागेश्वर मा वि शिर्षमा कक्षा १२ सम्मको पढाईका लागि कक्षा संचालन गर्न पहल गरिनेछ ।
- विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन मार्फत विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि पहल गरिनेछ ।

## २ स्वास्थ्य :-

- न्यूनतम स्वास्थ्य सेवा मापदण्डको आधारमा स्वास्थ्य ईकाइहरुबाट स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।१०।२६ गतेको निर्णयानुसार जोगबुडा अस्पताललाई ५० शैयाको अस्पताल निर्माण गर्ने निर्णय गरिएकोमा उक्त निर्णयको पूर्ण कार्यान्वयन लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।
- जोगबुडा अस्पतालको क्षमता अभिबृद्धी गरी चौबिसै घण्टा चिकित्सक सहितको स्वास्थ्य सेवा प्रदान गर्ने तथा अस्पतालमा आईसियूको ब्यवस्था, अक्सिजन प्लान्ट जडान गरिनेछ । साथै अस्पताल भवन मर्मत सम्भारका लागि बजेट बिनियोजन गरिनेछ ।
- कोभिड १९ दोश्रो भरियण्टको प्रभावलाई मध्यनजर गरी नागरिकको जीउधनको सुरक्षाका लागि स्वास्थ्य शिक्षा प्रचार प्रसार र रोकथामका प्रयासमा विशेष जोड दिईनेछ ।
- ४० वर्ष माथिका महिलाहरुमा रक्तचाप र पिसाव तथा रगतमा गुलकोजको जाँच, स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, आङ खस्ने रोगको निशुल्क जाँच तथा उपचारको प्रवन्ध मिलाईनेछ ।
- अस्पताल संचालन गर्ने निजी तथा सामुदायिक संस्थाहरुलाइ प्रोत्साहन गरिनेछ ।

- जोगबुढा अस्पताल, साँदनी स्वास्थ्य चौकी र शिर्ष स्वास्थ्य चौकी परिगाँउको स्तर उन्नती गरिनेछ । साथै बाँकी वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्रहरुलाइ प्रयोगशाला सहित आधारभुत सुविधा सम्पन्न बनाईने छ । साथै प्राथमिक अस्पतालको न्यूनतम सेवा उपलब्ध गराईने छ ।
- छालाको रोग/ कुष्ट रोग निवारण तथा नियन्त्रणका लागि चर्म रोग परिक्षण तथा उपचार शिवीर सञ्चालन गरिनेछ ।
- मानसिक रोग नियन्त्रणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरि प्रभावित परिवारका सदस्यलाई स्याहारकर्ताका रुपमा क्षमता अभिवृद्धि गरिनेछ । साथै आत्महत्याका घटनाहरुलाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- रेविज, सर्पदंश ईन्फ्लुन्जा, वर्डफ्लु सम्बन्धी चेतना मूलक कार्यक्रम सञ्चालन गरि उपचारको प्रबन्ध मिलाईनेछ ।
- सहरी स्वास्थ्य केन्द्र, स्थानीय बर्थिङ सेन्टर, गाउँघर क्लिनिकको क्षमता अभिबृद्धी गर्न र व्यबस्थापनका लागि बजेट बिनियोजन गरिएकोछ ।
- यस नगरपालिकामा १५ शैयाको आयुर्वेदिक चिकित्सालय स्थापनाका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- नेपाल सरकारको मिति २०७४/१०/२६ को निर्णयानुसार घोषणा भएको ५० सैयाको जोगबुडा अस्पताल कार्यान्वयनका लागि विशेष पहल गरिनेछ ।
- यस परशुराम नगरपालिकामा सूनौला हजार दिनका महिला, बालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै पोषण सम्बन्धि कार्यक्रमलाई अझै प्रभावकारी वनाईने छ ।
- परशुराम नगरपालिकामा योग साधना केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिने छ ।
- नगरपालिकामा एम्बुलेन्सको थप व्यवस्थाका लागि भारतीय राजदुतावासमा प्रस्तावना पेस गरी मांगका लागि विशेष पहल गरिनेछ ।

परशुराम नगरपालिका

- यस नगरपालिकामा बसी आफ्नो जीवनमा सामाजिक विकासमा उच्चतम् योगदान पुर्याउने ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।
- नगरपालिकामा छुट्टै शव वाहनको व्यवस्था गरिनेछ ।
- कोभिड १९ तथा दैविक प्रकोप विपत्तिबाट मृत्यु भएमा आश्रीत परिवारलाई काजक्रिया सहयोय वाफत रु २५,०००। -पच्चीस हजार मात्र) सहयोग गरिने छ ।
- यस जोगवुढा अस्पतालमा रहेको लासघर लाई हटाई उपयुक्त ठांउमा व्यवस्थित लासघर निर्माण गरिने छ ।
- ब्रह्मकुमारी राजयोग डडेल्धुरा सँगको सहकार्यमा ओमशान्ति वाटिका निर्माण गरिनेछ ।

३. खानेपानी/सरसफाई :-

- मलास भूमीथला पलगडीमा सञ्चालित सौर्य प्रणालीबाट सम्पन्न हुन सफल भएका लिफ्ट खानेपानी योजनाहरु जस्तै अन्य दुरदराज बस्तीहरुमा पनि सोही प्रणालीको विकास गरिनेछ साथै मलासको सौर्य प्रणालीमा केन्द्रीय प्रसारणको विद्युत लाईन पुग्ने वित्तिकै विद्युतीय प्रणाली आवद्ध गरिनेछ ।
- *सफा घर सुन्दर नगर* को अबधारण अनुरुप पुर्ण सरसफाई युक्त नगर घोषणा गर्न पूर्ण सरसफाई रणनीति तयार गरी लागु गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र खानेपानीको समस्या रहेका गाउँ बस्तीहरुमा आवश्यकता र सम्भाव्यताका आधारमा खानेपानी योजनाहरु निर्माण गरिने छन् ।
- भूमिगत जलस्रोतबाट खानेपानी र सिंचाईको उपयोगका लागि नीति तर्जुमा गरी लागु गरिने छ ।

- नगरपालिकाको सदरमुकाम लालढुंगा वजार क्षेत्रमा देखिएको खानेपानी समस्या समाधान गर्न वृहद लालढुंगा खानेपानी योजना निर्माणका लागि विशेष पहल गरिनेछ ।
- परशुराम नपा ५ परिगाउँमा बृहत खानेपानी लगायत विभिन्न वडाहरुमा रहेका खानेपानी योजनाका लागि पहल गरिनेछ ।
- नगरपालिकाको डम्पिङ साईटलाई थप ब्यवस्थित गरिनेछ ।
- नगरपालिकाको सदरमुकाम लालढुंगा वजार क्षेत्रमा व्यवस्थित ढल निकास एवं चालु अवस्थामा रहेको सिचाई कुलोलाई थप व्यवस्थित गरि स्वच्छ र सफा राख्न व्यवस्था मिलाईने छ ।
- कोभिड १९ को दोश्रो भेरियण्टको प्रभाव न्यूनीकरणका लागि स्वास्थ्य सतर्कता सँगै सरसफाईमा पनि विशेष जोड दिईनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस नगरपालिकाका पोषणमैत्री नमुना टोलहरुमा भईरहेको च्याङ जुठ्यान निर्माण कार्यक्रमलाइ सवै टोलहरुमा निरन्तरता दिईनेछ ।
- विद्यालयहरु र स्वास्थ्य समस्याहरुमा स्वस्च्छ खानेपानीको व्यवस्थ ागर्न पहल गरिनेछ ।

## ५. धार्मिक तथा सांस्कृतिक :-

- परशुराम तीर्थलाई विश्व सम्पदा सूचीमा दर्ता गर्न पहल गरिनेछ ।
- परशुराम धाम क्षेत्रमा विभिन्न देवी देवता एवं श्रृषिगणहरुका मुर्ती स्थापना गरि पर्यटकहरुलाई अकर्षित गरिने छ ।
- परशुराम क्षेत्रमा ल्याईने बाईस देउरा र तीर्थमा गरिने कल्पबासलाई व्यवस्थित गरीनेछ ।

परशुराम नगरपालिका

- परशुराम सांस्कृतिक पर्यटकीय क्षेत्रको ब्यवस्थाका लागि कार्यविधि तयार गरी ब्यवस्थापन समिति गठन गरिनेछ र परशुराम क्षेत्रको बिकास गुरु योजना लाई प्रभावकारी रुपमा लागु गरिने छ ।
- परशुराम ५ बाङघाटमा व्यवस्थित शबदाह गृह निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- परशुराम नगरपालिका वार्ड नं. ५ को परशुराम धाम, १२ को सिद्धनाथ मन्दिर तथा ६ स्थीत शिव लिङ्गहरु र पनपा ७ सिद्धगुफा, झिलमिला ताल, पनपा २ भागेश्वर, पनपा ३  खिट्केश्वर र सिद्धनाथ, बैजनाथ, समैजी, कालीसैनी, कैलपाल मन्दिर, वोडा ताल लगायत अन्य धार्मीक स्थलहरुलाई जोड्ने गरि एउटा धार्मिक सर्किटको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- पनपा ६ सिमलखेत देखि पश्चिम महाकाली नदी सम्मको क्षेत्रमा परशुराम तीर्थ संग सम्बन्धित धार्मिक सांस्कृतिक संरचना निर्माण गरिने छन् ।
- पनपा ९ को त्रिशुले मन्दिर, शिव पार्वती मन्दिर, पनपा १२ को ऐलेस मन्दिर, पनपा ६ को पत्रेस मन्दिर, पनपा ८ को वैजनाथ मन्दिर, पनपा ७ को सिद्धनाथ मन्दिर, पनपा ३ का लाटाछडी मन्दिर, पनपा ४ को समैजी मन्दिर, पनपा ५ को रेणुका मन्दिर, पनपा २ को समैजी मन्दिर , कालीसैनी मन्दिर, पनपा ११ को पलगडी, नागढुंगाा, कालभैरव मन्दिर पलगढी, वैजनाथ मन्दिर सलेता, दुर्गाभगवती मन्दिर सलेता, सिद्धभगवती मन्दिर पातल निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- सांस्कृतिक महत्वका पर्वहरु गौरा, तीज, परशुराम तीर्थ स्नान गगनान, रनपुतला, भागेश्वर जाँत आदि सांस्कृतिक वैभवलाई संरक्षण सम्वर्धन गरि  प्रचार प्रसार गरिनेछ ।

## ६. सामाजिक सुरक्षा :-

- प.न.पा.को वार्ड नं. ५ परशुराम धाम असहाय बृद्ध/बृद्वाका लागि बृद्धाश्रम र अनाथ वालवालिकाका लागि अनाथालय निर्माणका लागि विशेष पहल गरिनेछ । ज्येष्ठ नागरिकका लागि मनोरञ्जन केन्द्रको व्यवस्था गर्न पहल गरिने छ ।

- असहाय महिलाका लागि सेफ हाउसको ब्यवस्थापन गरिनेछ ।
- लैङ्गिक उत्पिडन, जातिय छुवाछुत, वाल विवाह, घरेलु हिंसा जस्ता सामाजिक कु-संस्कारहरु नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिने छन ।
- शहिद, बेपत्ता तथा द्वन्द्व पिडित परिवारका लागि परिचय पत्रका आधारमा विशेष प्रोत्साहन कार्यक्रम ल्याइने छ ।
- बैंकिङ प्रणाली मार्फत बैंकहरु संग समन्वय गरी सम्बन्धित वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरणको प्रवन्ध गरिने छ ।
- छुट हुन गएका मुक्त हलियाहरुको पुनर्स्थापन गरिनेछ ।
- सुरक्षित आवास कार्यक्रमबाट फूसको छाना विस्थापित गर्न जस्तापाता सहयोग गरिनेछ ।
- दलित समुदायको परम्परागत सीपको संरक्षण गरिनेछ । जसका लागि आवस्यक बजेटको ब्यवस्था गरिएको छ ।

७. युवा तथा खेलकुद :-

- खेलकुद पूर्वाधार निर्माण तथा खेलग्राम स्थापना गरी परशुराम रंगमैदानलाई राष्ट्रिय स्तरको खेल मैदानका रुपमा विकास गरिनेछ ।
- नगर प्रमुख रनिङ शिल्ड (मेयर कप) प्रतियोगिताको आयोजना गरिनेछ जसमा भलिवल, क्रिकेट, कराते, तेक्वान्दो, एथलेटिक्स लगायत खेलमा प्रतिस्पर्धा गराईने र नगर उप प्रमुख महिला भलिवल लगायतका खेलमा प्रतिस्पर्धा गराई खेल क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईने छ । साथै राष्टिय, अन्तर्राष्टिय खेलमा सामेल हुने खेलाडीलाई प्रोत्साहन गरिनेछ ।
- युवाहरुको सार्थक सहभागीतामा युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछन् ।
- नगरपालिकामा युवा सूचना केन्द्र स्थापना गरिनेछ ।
- प्रत्येक वडामा खेलमैदानको अवधारणा अनुसार खेलमैदान निर्माण गरिने छन् ।



परशुराम नगरपालिका

- खेलकुदलाई विद्यालय तहबाटै विकास गर्नका लागि विद्यालयमा अतिरिक्त क्रियाकलापहरु लाई थप व्यवस्थित गर्न खेलकुद प्रशिक्षक लाई परिचालन गरिनेछ ।
- राष्टिय अन्तराष्टिय महत्वका प्रतिभावान खेलाडि लाई सम्मान तथा आवस्यक सहयोग गरिने छ ।
- राष्टिपति रनिङ शिल्ड प्रतियोगिताका लागि वजेटको ब्यस्था गरिएकोछ ।
- परशुराम रंगशाला र मैदानलाई ब्यवस्थित रुपले सञ्चालन गरिनेछ ।
- प्रदेश सरकारको सहयोगमा बेरोजगार युवाहरुका लागि कृषि तथा पशुपालन गर्न प्रति युवा अधिकतम ६०,०००। (साठी हजार मात्र ) स्वरोजगार अनुदान उपलब्ध गराईने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्य विकास निर्माण योजना सँग समेत विकास साझेदारी गरी दिगो विकास र दिगो रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरीनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १००० युवाहरुलाई न्यूनतम एक सय दिनको थप रोजगारी प्रदान  गरिनेछ ।
- परशुराम रंगशालामा निर्माणधीन कवर्डहलको निर्माण कार्य सम्पन्न गरि कवर्डहल सुचारु गरिने छ ।

**यस क्षेत्र संग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न आगामी आ.व.मा रु. ४९,१४,६९,६७६ । (अक्षरेपी उन्पन्चास करोड चौध लाख उन्सत्री हजार  छ सय छ्याहत्तर मात्र) बजेट प्रस्ताव गरिएको छ ।**

## (ख) आर्थिक विकास  समिति तर्फः

### ८. कृषि/भुमिसुधार तथा पशुपालनः

- अर्थतन्त्रको भरपर्दो आधारको रुपमा रहेको कृषि क्षेत्रमा कोरोना महामारीको कारणबाट उत्पन्न भएको चुनौती र अवसरलाइ सम्बोधन गर्न कृषिमा श्रम परिचालन, कृषि कार्यको व्यावसायीकरण गरी काम र रोजगारी सिर्जना गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनीकिकरण, धान ब्लक र आलु सुपरजोनलाई विशेष प्राथमीकताका साथ लागु गरिने छ । साथै गहुँ ब्लकका रुपमा रहेका तातापानी वण्ड, जजोला जमरानी र आलु ब्लकका रुपमा पनपा १२ र पनपा ०४ का साथै वर्षे आलुका लागि गोगन चौड थपला लाई ब्लकका रुपमा विकास गरिनेछ ।
- मत्स्य विकासका लागि मत्स्य उत्पादन पोखरी निर्माणलाई विशेष प्राथमीकता दिईनेछ र सो अनुरुप कार्यक्रम लागु गरिने छन् ।
- सहकारी खेतीलाई प्रोत्साहन गरी सहकारी मार्फत स्वरोजगार मुलक खेती व्यावसायका लागि प्रोत्साहन गरिनेछ ।
- भु-उपयोग गुरुयोजना निर्माण गरी प्राकृतिक स्रोतको दिगो बहुउपयोग गरिनेछ ।
- बाँझो जमिन उपयोगका लागि विशेष नीति लिई बाँझो पर्ति जमीन नगरपालिकाको स्वामित्वमा ल्याई आवस्यक पुर्वाधार एवं  व्यवसायिक खेती प्रणाली अवलम्वन गरिने छ ।
- नेपाल वैंक लिमिटेड सँग युवा स्वरोजगार कार्यक्रमका लागि नगरपालिकाको सिफारिसमा सहुलियत र विना धितोमा कृषि उत्पादन, पशुपालन, लघु उद्योग र व्यवसाय सँचालनका लागि ऋणको व्यवस्था मिलाईनेछ ।
- नापि र मालपोत कार्यालय अविलम्व स्थापनाका लागि सम्वद्ध निकायमा पहल गरिने छ ।
- कृषिको आधुनिकिकरण, व्यवसायिकीकरण तथा वजारीकरणका लागि साप्ताहीक कृषि हाटवजारको विकास, बेमौसमि तरकारी, फलफुल उत्पादन तथा भण्डार

जस्ता उत्पादन र उत्पादकत्व बृद्धि गरी किसानको आय स्तर सुधार गर्ने कार्यक्रम र कृषिका लागि साना सिंचाई कार्यक्रम मुख्यमन्त्रि कृषि कार्यक्रम मार्फत संचालन गरिने छन् ।

- संघ र प्रदेश सरकारको प्राविधिक सहयोगमा १२ वटै वडाहरुमा नमुना चक्लावन्दीमा आधारित नमुना कृषि कार्यक्रम सन्चालन गरिने छ ।
- संघ र प्रदेश सरकारको प्राविधिक सहयोगमा नगर भित्रका किसानहरुलाई दर्ता प्रकृयामा आवद्ध गरि वर्गिकरणको आधारमा किसान परिचय पत्र वितरण गरिने छ ।
- उत्पादनमा भूमीको समस्या समाधान गर्न भूमी वैंक स्थापना गरि उत्पादन बढाईने छ ।
- कृषक सहकारी तथा कृषक समूहको प्रस्तावनाको आधारमा साना सिंचाई, प्लाष्टिक पोखरी, थोपा सिचाई निर्माण गरिने छन् र कृषि यान्त्रिकरण अनुदानका लागि आवस्यक वजेटको ब्यवस्था गरिएकोछ ।
- कृषि उत्पादनलाई प्रोत्साहन गर्नका लागि कृषि पाकेटमा अवद्ध भई उत्कृष्ट कृषि उत्पादन गर्ने पकेट भित्रका कृषकहरु लाई सम्मान गरिने छ ।
- यस नगरपालिकाका विभिन्न ठाउँहरुको माटो पहिचान एवं परिक्षण गरि माटो सुहाउदो कृषि तथा पशुपालनलाई प्रर्वद्धन गर्न कार्यक्रम तय गरि सञ्चालनमा ल्याईनेछ ।
- परशुराम नगरपालिकालाई खाद्यान्नमा आत्मनिर्भर र फलफूल,तरकारी, तेलहन, दलहन वस्तुको निर्यात गर्न सक्ने गरी कृषि उत्पादन क्षमता बृद्धि गर्नका लागि बिशेष कार्यक्रम संचालन गरिने छ ।
- परशुराम नगरपालिकामा तरकारी फलफूल वजार र शित भण्डार (Cold Store) स्थापना गरिने छ ।
- रैथाने प्रजाती लोपोन्मुख विउ विजन संरक्षण एवं प्रवर्धनका लागि विउ बैंकलाई सक्रिय पारिने र नयाँ स्थापनाका लागि पहल गरिनेछ ।

- कृषिलाइ आधुनीकिकरण गर्दै रोजगारीको मुख्य क्षेत्र बनाइने छ । महामारीबाट सिर्जित वेरोजगारी समस्यालाई कृषि पेशा मार्फत स्वरोजगारको क्षेत्रलाइ फराकिलो पारिने छ जसका लागि वर्षौं देखि बाँझो रहेको जमिनको प्रयोग वगर खेती लगायत अन्य वैकल्पिक व्यवसायिक खेतीलाइ विशेष प्रोत्साहन दिईनेछ ।
- नगरपालिकाका मुख्य वजार क्षेत्रहरुमा व्यवस्थीत पशु वधशाला स्थापना गरिनेछन् ।
- नगरपालिकाको वार्ड नं ११ को चुरे क्षेत्रलाई र पनपा २ लाई फलफूल तथा पशुपालन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- एक वडा एक प्राविधिकको अवधारणा अनुसार सवै वडाहरुमा कृषि पशुका प्राविधिक कर्मचारीहरुको व्यवस्थापनका लागि पहल गरिनेछ ।
- गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई थप ८० जना नया लघु उद्यमी श्रृजना गरिने छन् ।
- नगर प्रमुख कृषि कार्यकम मार्फत बाह्र वटै वडामा एउटा/ एउटा नमूना कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

## ९. निजिक्षेत्र र लगानी वातावरण :-

- नीजि क्षेत्रलाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारी नीति अवलम्वन गरि नीजि सहकारी साझेदारी कार्यकम (PPCP) मोडेल अवलम्बन गरी नगरपालिकामा लगानी मैत्री वातावरण तय गरिनेछ ।
- जोगबुडा उद्योग बाणिज्य संघ र भित्रि मधेश निर्माण व्यवसायी संघको भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- परशुराम नगरपालिका वार्ड नं १२ मा उद्योग ग्राम स्थापनाका लागि पहल गरिनेछ ।



परशुराम नगरपालिका

- प.न.पा. भित्र वाह्य लगानी आकर्सित गर्न लगानी मैत्री वातावरण सिर्जना गरी बाह्य लगानी भित्र्याइने छ ।
- EIA/IEE भएका ठाउहरुमा क्रसर उद्योग लगायत अन्य सहमील, मील, फर्नीचर उद्योग, इटा उद्योग, लगायत विविध उद्योग स्थापना गर्ने उद्योगीका लागि विशेष प्रोत्साहनको व्यवस्था मिलाईने छ ।
- सडक यातयात क्षेत्रमा रहेका खाना खाजा नास्ता पसलहरुलाइ थप व्यवस्थीत गरी सुरक्षित एवं सरसफाइयुक्त प्रवन्धका लागि होटेल व्यवसायीहरुलाइ प्रोत्साहन गरिनेछ ।
- नगरपालिकामा विभिन्न प्रकारका औद्यौगिक विकास संग सम्वन्धित क्षमता विकासका कार्यकमहरु सञ्चालन गरिनेछन् ।

१०.सहकारी तथा गरिबी निवारण :-

- नगर सहकारी ऐन र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई सहकारी संस्थाहरुको दर्ता, नीयमन र व्यवस्थापनको उचित प्रवन्ध मिलाईने छ ।
- सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि, समुदायमा वित्तिय साक्षरता, विभिन्न प्रकारका समूहहरुको एकिकरण र सहकारीकरण जस्ता कार्यक्रमहरु लागु गरिने छन् ।
- नगर भित्रका सहकारी संस्थाहरुमा अनिवार्य रुपमा कोपोमिस सूचना प्रणाली लागु गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र भएका सहकारीहरुको लगत तयार गरिनेछ, सहकारीको मापदण्ड निर्धारण गरिनेछ । साथै निस्कृय सहकारीलाई सकृय पार्ने, समायोजन गर्ने र ब्यवस्थित गरि गतिशील रुपमा संञ्चालित संस्था मार्फत गरिबी न्युनिकरण, दिगो जिबिकोपार्जन सहकारी खेती जस्ता कार्यक्रमहरु संञ्चालन गरिने छन ।

- सहकारी संस्था मार्फत बिभिन्न बित्तिय निकायको लगानी नगर क्षेत्रमा भित्र्याई स्वरोजगार सिर्जना गरिने छ ।
- गरिबी निवारण कोष द्वारा निर्मित सामुदायिक संस्थाहरुलाई सहकारीमा आवद्ध गर्ने र निश्कृय अवस्थामा रहेको गरिबी निवारण कोषको रकमको लगत कायम गरि उक्त रकम लाई भौतिक पुर्वाधार निर्माण कार्यमा लगाउन उत्प्रेरित गरिने छ ।
- नगरक्षेत्रमा सञ्चालित सुपथ मुल्यका सहकारी पसलहरुको पुनरावलोकन गरी सुपथ मूल्यका पसल संचालन गर्न आवस्यक ब्यवस्थाका लागि पहल गरिने छ ।
- सार्वजनिक नीजि सहकारी संस्थाहरुको साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिने छन् ।

११. पर्यटन बिकास तथा पुरातात्विक क्षेत्र:

- हिन्दुहरुको आस्थाको केन्द्र सांष्कृतिक पर्यटकीय क्षेत्र परशुराम तिर्थलाई सांष्कृतिक धार्मीक पर्यटकीय क्षेत्र अनुरुपका संरचनाहरु निर्माण गरिने छन् ।
- भागेश्वर धुरा, सिद्वगुफा, पुनपुना शैलेस, शिद्वनाथ मन्दिर, खिट्केश्वर मन्दिर, समैजी मन्दिर हरुलाई धार्मीक पर्यटनको परिपथमा जोडीने छ ।
- पुरातात्वीक महत्वका पिपलकोट, नङरकोट, खुदाकोट, चाईकोट, लुलकोट, आदि स्थलहरुको अन्वेषण अनुसन्धान गरी तथा भीमकुण्ड बसनेटा धनाडी ताल संरक्षण गरी पर्यटकिय स्थलको रुपमा बिकास गरीने छ ।
- प.न.पा. ३ को एकै ढुङगामा अवस्थित बाईस ओखल, पनपा ११ को पलगढी नागढुंगा र परशुराम नगरपालिका वार्ड नं. १ को बोडाताल लाई संरक्षण गरी पर्यटकीय गन्तब्य स्थलको रुपमा बिकास गर्न पहल गरिनेछ ।
- स्थानिय चाडपर्व (गौरा, मारुनी नाच, रोधी घर, तिज, मकर सक्रान्ती, रनपुतला, विसु, ओल्के, आदी) को संरक्षण सर्म्बधनका लागि व्यवस्था मिलाईने छ ।

- परशुराम नगरपालिकामा हवाई यातायातको ब्यवस्थापनका लागि हवाइ मैदान निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- पर्यटन प्रबर्धनका लागि होम स्टे (घरवास) को व्यवस्थापन गरिने छ ।
- नाईट भिजन सहित लेण्ड गर्न सक्ने हेलीप्याड निर्माण भएकोछ ।

**यस क्षेत्र संग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न आगामी आ.व.मा रु. ३,१०,५९,६७६। (अक्षरेपी तीन करोड दश लाख उनसाठी हजार छ सय छ्याहत्तर मात्र) बजेट प्रस्ताव गरिएको छ ।**

(ग) पूर्वाधार विकास समिति तर्फः

१२. सिचाई :-

- पोखरि सिचाई, लिफ्ट सिचाई, थोपा सिचाई, प्लाष्टिक पोखरि सिचाई, स्प्रिङ्कलर सिचाइ जस्ता बैकल्पिक सिचाईका मध्यमबाट सिंचित जग्गाको क्षेत्रफल वृद्धि गरि कृषि उत्पादकत्व वढाउन विशेष कार्यक्रम लागु गरिनेछ ।
- परशुराम नगरको गौरवका रुपमा रहेका परिगाउँ, अपर परिगाउँ, शिर्ष, सादनी, सलेता, रंगुन-पन्तुरा, कलेना-सलौन, सालघाडी, राउटे कुलो लामिगडा, घुम्टीगडा सिचाई, ज्यामरानी, काफलगैरा, सिद्धाथान सिचाइ, लामीजाला तुलाभाडी सिचाइ योजना, सहरगौंडा ठन्नजाला सिमलखेत सिचाइ योजना, पोकना, आनातोली, पानातोली जस्ता सिचाई योजनाहरुलाई थप व्यबस्थित गरिनेछ ।
- साना सिचाई योजनाहरु आवश्यकता र सम्भाव्यताका आधारमा लागु गरिनेछन् ।
- प्रदेश सरकार, संघीय सरकार एवं अन्तरराष्ट्रीय गैर सरकारी संघ सस्थाहरु संग समन्वय एवं सहकार्य गरि थप सिचाईका योजनाहरु लागु गरिने छन् ।

१३. यातायात :-

- परशुराम नगरपालिका सँग जोडिएको भागेश्वर गाउँपालिकालाई सडक सञ्जालमा यसै वर्ष जोडिनेछ जसका लागि वजेटको ब्यवस्था गरेको छु ।
- शीर्ष बसौटी सडकलाई यसै वर्ष सडक सञ्जालमा जोडिनेछ र शीर्ष वसौटी गोगन सडकको स्तरोन्नतीका लागि पहल गरिनेछ ।
- जोगबुडा, सलौन र चिरकिट्टे डडेल्धुरा सडकको स्तरोन्नतीका लागि विशेष पहल गरिनेछ । कलेना क्षेत्रको भौगोलिक संवेदनसीलतालाई मध्यनजर गरी सोको विकल्प खोजिनेछ ।
- कुयापानी, शैलेस लिंगा, सरगौडा सडकको स्तरोन्नतीका लागि पहल गरिनेछ साथै शैलेस मन्दिर निर्माण कार्य सम्पन्न गरिनेछ ।
- पन्तुरा पुल - पन्तुरा वजार पछाडी- बुङल टोल- गुनमारे हुँदै सिद्धाथान सडकको ट्र्याक खोलिने छ ।
- पनपा ११ को सलेता, सिमलवण्ड र पलगडीलाई सडक सञ्जाल जोड्न र पनपा २ बसौटी देखि भागेश्वर गापा ०२ लेकुडा सम्म सडक निर्माणका लागि बिशेष पहल गरिनेछ ।
- द्धारीकाचोक, त्रिबेणी क्याम्पस हुदै पन्तुरा सडक कालोपत्रे गर्नका लागि विशेष पहल गरिनेछ ।
- कटाल परशुराम धार्मिक पर्यटकीय सडक कालोपत्रे सम्पन्न हुने क्रममा रहेको एवं वहादुरे, परिगांउ वस्ती हुदै रेणुका मन्दीर सम्मको सडक खण्ड स्तरोन्नतीका लागि प्रदेश सरकारलाई बिशेष अनुरोध गरिनेछ ।
- नगर यातायात सेवा सञ्चालनका लागि पहल गरिने छ ।
- सिमल्टा, असुरानी कृषि सडकका लागि पहल गरिनेछ ।
- जोगबुडा, कटाल, रातामाटी, शिर्ष सडकको ट्याक खोल्नका लागि पहल गरिनेछ ।

- परशुराम नगरपालिकको नवनिर्मित भवन देखि कैनपानी हुँदै रंगुन पुल सम्म शाखा सडकको निर्माणका लागि पहल गरिनेछ ।
- नगरपालिका भित्र संचालित यातायात सेवालाई व्यवस्थित बनाउन यातायात कार्यविधि बनाई लागु गरिने छ ।
- महाकाली करिडोर (ब्रहमदेब देखी दार्चुलाको टिङकर सम्म जोड्ने सडक) निर्माण कार्य संचालन भईसकेको हुँदा थप वजेटका लागि र सो सडक अन्तर्गत रंगुन नदी सडक पुलका लागि संघीय सरकार संग विशेष पहल गरिनेछ ।
- मदन भण्डारी लोकमार्ग (शान्तिनगर झापा देखि रुपाल सम्म) अन्तर्गत पर्ने यस नगरपालिकाको क्षेत्र भित्रको सडक खण्डको काम सञ्चालनको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गाईवादे जमरानी साँदनी सडक र गाईवादे सलेता सडकको स्तरोन्नतीका लागि वजेटको व्यवस्था गरिएकोछ ।
- दैजि-जोगबुडा-बुडर सडकलाई रणनीतिक सडक सञ्जालमा समाबेस गरी परशुराम राजमार्ग घोषणा गराउन पहल गरिनेछ । साथै बुडर देखि जोगबुडा खण्डको सडक स्तरोन्नती कालो पत्रेको काम सम्पन्न गरिने छ र जोगबुडा देखि लिप्ना सडक खण्डको स्तरोन्नती र कालोपत्रे गर्ने कार्य समयमै सम्पन्न गरिने छ ।
- महाकाली नदीमा पक्की पुल निर्माणका लागि आवस्यक पहल गरिने छ । पुल निर्माण सँगै सुदुरपश्चिमको महत्वपूर्ण नाकाको रुपमा विकासका लागि पहल गरिने छ ।
- पनपा ११ को लिउडे हुँदै मणिकाधाम जोड्ने कञ्चनपुर सीमा सडक निर्माणका लागि पहल गरिनेछ ।
- पनपा १० को जोजला सालघाडी जोड्ने सडक पुल, पनपा ११ को सलेता पातली जोड्ने र साँघुरे खोलामा सिमलवण्ड जोड्ने सडक पुल निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

- पनपा २ पानातोली र पनपा १० ग्वान्नीजाला वैजनाथ थानमा झोलुंगे पुल निर्माण लगायत अन्य नगरपालिकाका आवस्यक स्थानहरुमा झौलुंगे पुल निर्माणका लागि पहल गरिनेछ ।
- साँदनी घुम्टेगडा गैरीखान मलास कसान झिलमिला सडक, सिमल्टा असुरानी सडक, बसौटी धुरा भागेश्वर सडक, गैरीखान साईसौन गुप्तिगडा लिप्ना सडक, बसौटी धुरा भागेशवर सडक, जौंखेत बोडा कोलखान सडक, सलौन स्यालकोट अचलसैन सडक, जोगबुडा शीर्ष थपला चाकी, रुपाल सडक निर्माणका लागि वजेटको व्यवस्था गरिएकोछ ।

**नगर सभाका सभाध्यक्ष ज्यू,**

## १४. बिद्युत तथा बैकल्पिक उर्जा :-

- बिद्युत सब स्टेशनका लागि खैरानी जलामा जग्गा उपलव्ध गराउने निर्णय भई सकेकोले सब स्टेशन स्थापनाका लागि पहल गरिनेछ ।
- नगर क्षेत्र भित्र विद्युत सेवा नपुगेका गाँउवस्तिहरुमा विद्युत सेवा विस्तार र उज्यालो नगरपालिका निर्माणका लागि आवस्यक पहल गरिने छ ।
- उज्यालो नगर कार्यक्रम अनुसार विद्युत सेवा नपुगेका बस्तिहरुमा सौर्यबत्ति जडानलाई प्रोत्साहित गरिने छ ।
- प.न.पा. ९ को गाईबाधे, थापाथली, खानडाँडा, नाउला, पनपा १२ को आमपानी, तुलाभाडी, कैनपानी, पनपा ५ को परशुरामधाम र टाउन, पनपा ६ कुणा, तातापानी, पनपा ७ साँदनी चौराहा, पनपा ३ को पुतलीबजार, पनपा २ को बसौटी, पनपा १० को जजोला, कुमुल्ले, ढकानीमा, पनपा ८ को जमरानी सौर्य सडक बत्ती जडान तथा बिस्तार गरिनेछ ।

परशुराम नगरपालिका

- बायोग्यास जडान गर्ने व्यक्ति वा परिवारलाई वैकल्पिक उर्जा प्रोत्साहन वाफत प्रति परिवार पाँच हजार प्रोत्साहन रकम उपलब्ध गराईने कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- नगरपालिका भरी वैकल्पिक उर्जालाई प्राथमीकताका साथ व्यवस्थापन गरिने छ । सुधारिएको चुलो, गोबर ग्यासको बिशेष व्यवस्था गरिने छ ।
- समय समयमा बिद्युत सेवा अवरुद्ध भईरहने अवस्थाले श्रृजित समस्याबाट मुक्त हुन बुडर देखि जोगबुडा सम्मको विद्युत लाईन, हाई स्टेन्सन लाईनमा रहेका पोलहरु उपयुक्त नभएकाले टावर प्रकृतिका स्तरीय पोल व्यवस्थापन र विद्युत लाईनको EIA गरी अवरुद्ध भईरहने लाईन लाई व्यवस्थित गर्न सम्वद्ध निकायमा पहल गरिने छ । विद्युत लाईन विस्तार, मर्मत, रोड साईड बाट पोल हटाउन र विद्युत लाईन भित्र परेका रुख विरुवा हटाउन विशेष पहल गरिने छ । साथै अव ५ वर्ष भित्र अध्यारो मुक्त नगरपालिका घोषणाका लागि विशेस पहल गरिने छ ।

## १५. नदी नियन्त्रण र तटबन्ध :-

- रंगुन नदी नियन्त्रण गुरुयोजना लाई थप क्षेत्रमा बिस्तार गर्दै रंगुन जलाधार भित्रका अन्य खहरे खोलाहरु समेतको तटबन्धको कार्य गरिने छ ।
- परशुराम नगरपालिका वार्ड नं ०५ को रेणुका मन्दिर देखी वार्ड नं. ६ कराली सिसमझाला सम्मको महाकाली नदीमा तटबन्ध निर्माणका लागि बिशेष पहल गरिने छ ।
- रंगुन, शिर्ष गाड, पन्तुरा, साँदनी, कलेना र महाकाली जलाधार क्षेत्रका नदी, खोला तथा खहरे नियन्त्रणका लागि बिशेष कार्यक्रम लागु गर्न पहल गरिनेछ ।
- परशुराम नगरपालिकाको रातामाटी खहरे निकास, प.न.पा. ४ लटेरोडा खहरे नियन्त्रण प.न.पा.४, गोजा खोला, प.न.पा.५ ऐडीवान, लामाखाली, भेरीकोट,

परशुराम नगरपालिका

अस्पताल खहरे खोला नियन्त्रण प.न.पा. १२ लगायतका खहरेहरुको नियन्त्रण का लागि बिशेष पहल गरिनेछ ।

- खहेरे खोला नियन्त्रण र चुरे संरक्षणका लागि बायो ईन्जनियरिङ प्रविधिमा जोड दिईने छ ।
- महाकाली तटबन्ध, जनताको तटबन्धन कार्यलाई यस क्षेत्रमा लागु गर्न विशेष पहल गरिनेछ ।

## १६. सुचना तथा सञ्चार प्रविधि :-

- कार्यालयका सम्पुर्ण कामहरु विद्युतिय प्रणाली मार्फत सम्पादन गरिने नीति अवलम्वन गरिनेछ ।
- यस नगरपालिका भरिका सम्पुर्ण गतिविधिहरु, योजना तथा कार्यक्रमहरु, ऐन नियम तथा कानुनहरु, स्थानीय राजपत्र तथा अन्य अभिलेखहरु बारे आवश्यक सुचना समयमै उपलब्ध गराउन सुचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा अनिवार्य रुपमा टेलिफोन सेवा र द्रुत गतीको ईन्टरनेट सेवा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।
- कार्य सम्पादनमा सुचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोगका लागि कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिबृद्धिका तालिमहरुको आयोजना गरिनेछ ।
- नगरपालिकामा टेलिफोन सेवा सहज हुन नसकेको अवस्थामा पटक पटक नेपाल टलिकम सँग अनुरोध गर्दा पनि समस्या माथी गम्भिर नदेखिएकाले नेपाल टेलिकमको कार्य ब्यवहार प्रति गम्भीर आपत्ती जनाउँदै अविलम्ब दुर सञ्चार सेवालाई प्रभावकारी बनाउन विशेष पहल गरिनेछ ।
- नगरपालिका माध्यमिक विद्यालयहरुमा ईन्टरनेटको ब्यवस्था गरिनेछ ।

## १७. शहर तथा बस्ती विकास :-

- नगरविकास कोषको सहकार्यमा व्यवस्थित शहर निर्माणको प्रक्रिया थालनी गरिनुका साथै सुबिधा युक्त व्यापार व्यवसायका सटर निर्माण साथै सुपर मार्केट निर्माणका लागि पहल गरिनेछ ।
- पनपा १२ मा नगरको आन्तरिक र बाह्य यातायात व्यवस्थापनका लागि व्यवस्थित बसपार्क निर्माणका लागि पहल गरिने छ ।
- साना सहर निर्माणका चरणमा परशुराम साना सहर विकास गुरु योजना निर्माणका लागु पहल गरिनेछ ।
- बाढी पिडित पुनःस्थापित बस्ती परशुराम नगरपालिका ४, ५ र ६ मा व्यवस्थित रुपले बिकास गर्नका लागि सम्बन्धित निकायमा अविलम्ब पहल गरिने छ ।
- एक नगर एक उद्यान निर्माणको अवधारणा अनुसार प.न.पा. १२ मा परशुराम सार्वजनिक पार्क निर्माणको कार्यलाई प्राथमिकता दिईने छ ।
- परशुराम नगरपालिकामा सघन सहरी विकास कार्यक्रम लागु गर्न विशेष पहल गरिनेछ ।
- परशुराम नगरपालिकामा एकिकृत बस्ति विकास कार्यक्रम एवं सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।
- नगरपालिकामा सभा गृह तथा कर्मचारीहरुको आवास गृह को निर्माणका लागि विशेष पहल गरिने छ ।
- परशुराम नगरपालिका अन्तरगत विगत लामो समय देखी वसोवास गरिराखेका सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुका लागि व्यवस्थित वसोवास एवं जग्गाधनी प्रमाणपुर्जा प्रदान गर्न आयोग संगको समन्वयमा नाप नक्सा गर्ने कार्यलाई प्रभावकारी वनाईने छ । साथै उक्त कार्यको लागि जनशक्ती परिचालन, साधन खरिद लगायतको कार्यका लागि आवस्यक वजेट व्यवस्थाका लागि संघ र प्रदेश सरकारसँग अनुरोध गरिने छ ।

यस क्षेत्र संग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न आगामी आ.व.मा रु. ११,१०,७८,५२९ । - (अक्षरेपी एघार करोड दश लाख अठहत्तर हजार पाँच सय उन्तीस मात्र) बजेट प्रस्ताव गरिएको छ ।

(घ) वतावरण तथा विपद् व्यवस्थापन विकास समिति तर्फ

## १८. वातावरण तथा विपद व्यवस्थापन :-

- वातावरण संरक्षण गर्न प्लाष्टिक रहित नगरपालिका बनाउन विशेष पहल गरिने छ । साथै  हरियाली बस्ति निर्माण, घरवारी ब्यवस्थापन तथा वजार क्षेत्रको सरसफाईलाई विशेष महत्व दिईने छ ।
- निर्माण कार्यलाई वातावरण मैत्री बनाईने छ । EIA/IEE निर्माणका हरेक क्षेत्रमा लागु गरिने छ ।
- सामुदायिक वनहरुको विकास का लागि नगरपालिका भरि रहेका सामुदायिक वनहरुलाई ब्यवस्थित गरिने छ । नयाँ सामुदायिक वनहरु को पहिचान एवं व्यवस्थापन गरि वन संरक्षणमा जोड दिईने छ ।
- निजि सामुदायिक वन दर्ता प्रकृया थालिने छ  । कानुनी व्यवस्था अनुसार प्रभावकारी रुपमा सामुदायिक वन हरुको नियमनको कार्य प्रारम्भ गरिनेछ ।
- वन, वन्यजन्तु, सिमसार क्षेत्र संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।
- चुरे संरक्षणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, तराई भु- परिधि कार्यक्रम, जैविक मार्ग पुनर्स्थापना कार्यक्रमलाई व्यवस्थित रुपले लागु गरिने छ ।
- बढ्दो जलबायु परिवर्तनलाई अनुकुलनताका अभ्यासका क्रममा खहरे नियन्त्रण, पानी मुहान संरक्षण, पोखरी निर्माण र मुख्य रुपमा महाभारत र चुरे क्षेत्रको संरक्षणमा बिशेष जोड दिईने छ ।
- महाभारत संरक्षणका लागि राष्ट्रिय निकुञ्ज घोषणा गर्न आवस्यक पहल गरिनेछ ।

घ्रुग्राम नगरपालिका

- यस परशुराम नगरक्षेत्र भित्र रहेका खुला तथा नांगा क्षेत्रहरुमा वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- प्रत्येक घरपरिवारले आफ्नो घरको आँगनमा फलफूल विरुवा लगाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- नगरपालिकाले नक्सा पास गर्दा प्रति घर  न्यूनतम ५ विरुवा लगाउने गरी नक्सा बनाउने ब्यवस्था मिलाईनेछ ।

## १९. प्राकृतिक स्रोत व्यवस्थापन :-

- परशुराम नगरपालिकालाई हरित शहरको रुपमा विकास गर्न आवस्यक कार्यक्रम तर्जुमा गरिने छ ।
- ढुङ्गा, गिटी, बालुवा, माटो उपयोग नीति तयार गरी नगरपालिकाको आय अभिबृद्धी गरिने छ ।
- बाझो, पर्ती, ऐलानी जमिनको पहिचान एवं लगत कायम गरि सहकारीको माध्यमबाट व्यवसायिक खेती योजना निर्माण गरी उपयोगमा ल्याउन पहल गरिनेछ ।
- नीजि क्षेत्र, जिल्ला भित्रका अन्य स्थानीय तहहरु र छिमेकी जिल्लाहरु संग आवस्यक समन्वय र सहकार्य कायम गरि वन पैदावारहरुको भण्डारण एवं प्रसोधनको व्यवस्था गरी निकासी गर्ने प्रक्रिया थालनी गर्न विशेष पहल गरिने छ । वन पैदावार तथा जडीबुटीलाई नगरको आम्दानीको स्रोतको रुपमा विकास गरिने छ ।
- वन वातावरण र जैविक विविधता संरक्षण परियोजना तयार गरी संरक्षणका लागि विशेष कार्यक्रम लागु गरिने छ ।

परशुराम नगरपालिका

यस क्षेत्र संग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न आगामी आ.व.मा रु. १,१२,८५,५६० । (अक्षरेपी एक करोड बाह्र लाख पैंचासी हजार पाँच सय साठी मात्र) बजेट प्रस्ताव गरिएको छ ।

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाह विकास समिति तर्फ:

### २०. शान्ती सुरक्षा :-

- नगरपालिका क्षेत्र भित्र शान्ती सुरक्षा र अमन चयन कायम गर्न नेपाल प्रहरी, शसस्त्र प्रहरीबल र नेपाली सेना संग आवस्यक समन्वय गरिने छ ।
- नगरपालिका संग जोडिने अन्तरराष्ट्रीय सिमा क्षेत्रका लागि स्थापना भएका शसस्त्र प्रहरीबल विओपीहरुलाई आवस्यक सहयोग गरिनेछ ।
- ईलाका प्रशासन कार्यालयको भौतिक संरचना निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- पनपा १० कुर्मुल्ले र पनपा ०९ गाईवादेमा रहेका अस्थायी प्रहरी चौकीका भवन निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।
- नगर प्रहरीको संरचना तयार गरी लागु गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिएकोछ ।
- आम नागरिकलाई छिटो छरितो तथा भरपर्दो सुरक्षा व्यवस्थाको प्रत्याभुती गराउन प.न.पा. १० को अस्थाई प्रहरी चौकी कुर्मुल्लेलाई स्थाई बनाई पनपा ११ सिमलवण्ड, पनपा ७ मलास, प.न.पा २ र पनपा ३ को उपयुक्त स्थानमा प्रहरी चौकी र प. न. पा. को निर्माणाधिन भवन नजिक प्रहरी चौकी स्थापनाका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
- ईलाका प्रहरी कार्यालय जोगबुडालाई क श्रेणीको ईलाका प्रहरी कार्यालय बनाउन र सोको भौतिक स्ररचना निर्माणका लागि सम्बन्धीता निकायमा पहल गरिनेछ ।

- प्रहरी हाम्रो साथी, समुदायमा प्रहरी कार्यक्रमलाई आवस्यक सहयोग गरिनेछ ।
- यस नगरक्षेत्रमा र शसस्त्र प्रहरी समिा सुरक्षा बल (BOP), अस्थायी प्रहरी चौकीहरु ब्यवस्थापनका लागि आवस्यक वजेटको व्यवस्था गरिएकोछ ।

## २१. स्थानिय बिकास तथा सुशासन :-

- स्थानिय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिबृद्धिका लागि आवस्यक कार्यक्रम सञ्चालन गरिनेछन् ।
- यस नगरपालिकामा कार्यरत सवै तहका कार्मचारीहरुको तलवमानमा रु. २०००। ले वृद्धि गरिएको छ ।
- ई- गभर्नेन्सको अवधारणा अनुरुप यसै वर्ष देखि  विद्युतीय हाजिर संचालन गरिने छ । इ विडिङ प्रणालीलाई थप व्यवस्थित गरिने छ । ई सर्भिसलाई प्रयोगमा ल्याईने छ ।
- नगरपालिकाका १२ वटै वडा कार्यालयहरुवाट प्रवाह  भईरहेको सेवालाई थप व्यवस्थित गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र कार्यक्रम संञ्चालन गर्ने NGO/INGO तथा अन्य संघ संस्था, निकायहरुको कार्यक्रम संञ्चालनमा एकद्धार नीति प्रभावकारी रुपमा लागु गरिनेछ ।
- कार्यरत कर्मचारीको मनोवल उच्च राख्न सम्मान, पुरुस्कार, प्रोत्साहन कार्यक्रम लागु गरिएकोछ । यसै आ.व.मा नगरपालिकामा आफ्नो कार्यक्षेत्रमा कार्यरत उत्कृष्ट कर्मचारीलाई सम्मान गरिनेछ ।
- नगरपालिकामा भौतिक निर्माणमा सहभागी भई उत्कृष्ट कार्य गर्ने निर्माण व्यवसायी, उपभोक्ता समितिलाई सम्मान गरिनेछ ।
- लागत सहभागितामा आधारित योजनाहरु तयार गरिने छ ।
- नगरपालिकाको कार्यालयमा व्यवस्थित गर्न सीसी क्यामेरा जडान गरिनेछ ।

- जनगुनासो सुन्नका लागि  हेल्प डेस्क स्थापना, जनप्रतिनिधी सँग जनता जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजना अनुगमनलाई थप प्रभावकारी बनाईनेछ । हरेक योजनाको सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाईलाई अनिवार्य गरिनेछ ।
- प्रत्येक वडाका लागि एक जना प्राविधिक कर्मचारीको व्यवस्थापन गरिनेछ  र अधिकांश योजनाको सम्झौता कार्य सम्बन्धीत वडा कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको उपस्थितिमा गरिनेछ ।
- सोपान प्रणाली अनुसार नगर प्रमुख सँग प्रमुख प्रशासकीयि अधिकृत र प्रमुख प्रशासकीय अधिकृत सँग शाखा प्रमुख, वडा सचिव र अन्य ईकाइका प्रमुख सँग नगरपालिकाले कार्य सम्पादन सम्झौता गरि कार्यान्वियन गरिनेछ ।
- नगरपालिकाको डिजिटल पार्श्व चित्र प्रकासित गरिनेछ ।
- सेवाग्राहीको सहजताका लागि नागरिक वडापत्र तयार गरी सम्बन्धीत कार्यालयमा देखिने गरी राखिने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको हरेक गतिविधीको पत्रपत्रिका रेडियो टेलिभिजन मार्फत प्रकासन प्रसारण गरिनेछ ।
- नेपाल सरकारको सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ०५ बमोजिम नगरपालिकामा गतिविधीहरु त्रैमासिक रुपमा सार्वजनिक गर्न नगरपालिकाको स्वतः प्रकासन प्रणलीलाई अझै व्यवस्थित गरिनेछ ।
- नगरपालकिाको ऐन, नियम, कार्यविधी, निर्देशिका, गठन आदेश र महत्वपूर्ण कार्यपालिकाका निर्णयहरुलाई नगरपालिकाको वेभसाइट र राजपत्रमा प्रकासित गरिनेछ ।
- नगरपालिकाले गर्ने हरेक भुक्तानी  कार्य विद्युतीय माध्यमबाट गरिनेछ ।
- हाल नगरपालिकाको कार्यालयबाट स्थानीय सरकारले गर्दै आएको पञ्जिकरण प्रक्रिया जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई

डिजिटलाईजेसन गरिएकोमा थप व्यवस्थित गर्दै हरेक वडाबाट डिजिटल प्रविधीमा जाने प्रवन्ध मिलाईनेछ ।

- स्थानीय तहहरुमा संस्थागत स्वमूल्यांकन प्रणाली अवलम्बन भएको हुँदा निर्धारित सुचकहरुको आधारमा कार्यसम्पादनलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
- भ्रष्टाचारमा शुन्य सहनसिलताको नीति अवलम्बन गरिनेछ ।

## २२. लक्षित कार्यक्रम :-

- स्त्री रोग बिशेषज्ञको संग्लनतामा महिला तथा प्रजनन स्वस्थ्य शिविर संञ्चालनका लागि बजेट बिनियोजन गरिएकोछ ।
- नगरपालिका क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई ६० वर्ष उमेर पुरा भई सेवाबाट बाहिरिएमा वा १५ वर्ष सेवा अवधि पुगेका र ५० बर्ष उमेर पुगेका काम गर्न नसक्ने अवस्थामा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वऐछिक सेवाबाट बाहिरिन चाहेमा प्रोत्साहन स्वरुप रु १,००,०००।- (एक लाख मात्र) एकमुष्ट उपलब्ध गरिने ब्यवस्था गरिने छ ।
- आफ्नो कार्यक्षेत्रमा उत्कृष्ट महिला स्वास्थ्य स्वयम् सेविकालाई सम्मान गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई दिइदै आएको यातायात, सञ्चार खर्च सुविधाका साथै थप प्रोत्साहन भत्ताको समेत व्यवस्था गरिएको छ ।
- दलित वर्गका लागि व्यवसायिक सिपमूलक तालिम संचालन गरी परम्परागत सिपलाई व्यवसायमा परिणत गराउन प्रोत्साहनका लागि बजेट बिनियोजन गरिएकोछ ।
- कोभिड १९ को भयावह अवस्थाले रोजगारी गुमाइ घर फर्किएका युवा जनशक्तिका लागि रोजगार सिर्जना गर्न ड्राइभिङ्ग, ब्लक निर्माण, सिकर्मी/डकर्मी

तालिम, मोबाइल मर्मत, हावस वाईरिङ, प्लम्बिङ लगायतका उनीहरुको क्षमता अनुसारका तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

- माध्यमिक तह/प्राविधिक धारमा अध्ययन गर्ने आदिवासि, राउटे, दलित, जनजाती वर्गका वालवालिकालाई अध्ययन अध्यापनमा प्रोत्साहित गर्न प्रोत्साहन स्वरुप विद्यालय पोसाकको व्यवस्था गरिनेछ ।
- वालवालिका संग मेयर कार्यक्रमबाट वाल क्लबहरुलाई वातावरण संरक्षण, अनुशासन, सिर्जनशिलता, लगनशिलताका लागि अभिप्रेरित गर्न तथा क्षमता अभिबृद्धि कार्यक्रम लागु गर्न बजेट बिनियोजन गरिनेछ ।
- नगरपालिकाबाट अपाङ्ग परिचय पत्र वितरण शिविर संचालन गरिने र क्षमता अभिबृद्धी कार्यक्रम संञ्चालन गरिने छ ।
- आदिवासी जनजाती तथा अल्पसंख्यकका लागि आय आर्जन कार्यक्रम लागु गरीने छन ।
- छरिएर रहेका आमा समूहहरु लाई वडास्तरमा आमा समूह गठन गरिने छन । किशोरीहरुलाई आत्मरक्षा तालिम प्रदान गरिनेछ । प्रत्येक विद्यालयमा महिला शिक्षक र छात्राहरुलाई निःशुल्क रुपमा स्यानेटरी प्याडको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- एकल महिलाका लागि आय आर्जन र सीपमूलक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- ज्येष्ठ नागरिकको सीपलाई युवा पुस्ताको सिकाईका रुपमा विकास गर्न विशेष कार्यक्रम संचालन गरिने छ । साथै महिला क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन प्रभावकारी रुपमा संचालन गरिने छन् ।
- वालवालिका, महिला लक्षित, अपांग लक्षित, दलित लक्षित, आदिवासी लक्षित कार्यकमहरुका लागि पर्याप्त वजेटको ब्यवस्था गरेको छु ।
- वालविवाह, बहुविवाह, वालश्रम, महलिा हिंसा, जातीय छुवाछुत जस्ता सामाजिक विकृती न्यूनीकरणका लागि चेतनामूलक कार्यकम सञ्चालन गरिनेछन् ।
- सहिद परिवारलाई उचित सम्मानको व्यवस्था गरिनेछ ।

## २३. उपभोक्ता हित संरक्षण :-

- निरन्तर बजार अनुगमन गरिनेछ, । उपभोक्ता सचेतना अभिबृद्धि, जागरण अभियान सञ्चालन गरिने छ । प्रत्येक पसलमा अनिवार्य मुल्य सुची राख्ने व्यवस्था गरिने छ र उपभोक्ता हित इकाई गठन गरिने छ ।
- सुर्ती जन्य पदार्थको विक्रि वितरण तथा उपभोग व्यवस्थित गरिनेछ ।
- गुणस्तरीय उपभोग्य सामग्रीको आपुर्ति व्यवस्थापनका लागि विशेष पहल गरीने छ ।
- वजार ब्यवस्थित गर्न एकल ब्यवसायलाई प्रोत्साहन गरिने छ । एक पसल एक ब्यवसाय नीति अवलम्बन गराउन उद्योग वाणिज्य संघ, वजार ब्यवस्थापन समितिलाई प्रेरित गरिनेछ ।
- कृषकहरुलाई रासायनिक मल डिपोबाट रासायनिक मल उपलब्ध गर्ने प्रवन्ध गरिनेछ ।
- हाटवजार, उत्पादन प्रदर्शनी, उत्पादन तथा कृषि मेलाको आयोजना गरी उत्पादक र उपभोक्ता बीच प्रत्यक्ष समन्वय र कारोवारको ब्यवस्था गरिनेछ ।

## २३ आन्तरीक श्रोत र राजस्व परिचालन

- नगरपालिकाको राजस्व परामर्श समितिको काम, कारवाही गतिविधिलाई थप प्रभावकारी बनाउदै प्राप्त परामर्श अनुसार राजस्व नीतिको कार्यान्वयन गरिने छ ।
- महाकाली नदी, पुन्तुरा खोला, रंगुन खोला, सादनी खोला, शीर्ष खोला, कलेना लगायत परशुराम नगरपालिका क्षेत्र भई बग्ने नदी तथा खोलाहरुको EIA/IEE गरी ढुङ्गा, गिट्टी,

बालुवा उत्खनन गर्न समयमै ठेक्का आह्वान गरी आन्तरीक श्रोत परीचालन मार्फत आन्तरिक राजश्व बृद्धि गरिनेछ ।

- एकिकृत सम्पत्ति कर कार्यान्वयनलाई थप व्यवस्थित गरी आन्तरीक आय बृद्धिमा जोड दिइने छ ।
- नगरपालिकाले संकलन गर्ने राजस्वलाई व्यवस्थित गरि करको दायरा थप फराकिलो बनाईने छ ।
- महाकाली नदीमा परशुराम क्षेत्र र सिसमजाला तारउतारलाई व्यवस्थित गरिने छ साथै छोटी भन्सार कार्यालय स्थापनाका लागि भन्सार बिभाग र अर्थमन्त्रालयमा आवश्यक पहल गरिने छ ।
- प्राप्त स्रोत लाई प्राथमिकता र योगदानको आधारमा आन्तरिक स्रोत परिचालन निर्देशिका तयार गरी लागु गरिनेछ । साथै राजश्व बृद्धिको दरको आधारमा सम्बन्धित वडालाई निश्चित मापदण्डको आधारमा थप प्रोत्साहन गरीनेछ ।
- आर्थिक पारदर्शिता र जवाफदेहितामा जोड दिइनेछ ।
- टनकपुर जलविद्युत परियोजनाबाट नेपाल सरकारले पाउने रोयल्टी मध्ये कानुन अनुसार सिमावर्ती जिल्लाको सिमा क्षेत्र संग जोडिएको डडेल्धुरा जिल्लाले यस नगरपालिकालाई प्राप्त हुनु पर्ने रोयल्टी वाफतको राजश्व रकम माग गर्न सम्बद्ध निकायमा पहल गरिने छ ।
- ऐलानी, पर्ति तथा दर्ता हुन बाँकी स्थानहरुमा सञ्चालित व्यवसायहरुबाट नगरपालिकाले बहाल विटौरी कर मार्फत राजस्वको दायरामा ल्याउनेछ ।
- राजस्व अभिबृद्धिका लागि राजस्व क्षमतालाई वजेट वनियोजनको मापदण्डमा आवद्ध गरि राजस्व वृद्धिको क्षमताको आधारमा बढी राजस्व संकलन गर्ने उत्कृष्ट वडा, उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरुस्कारको ब्यवस्था गरिनेछ ।

**यस क्षेत्र संग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्न आगामी आ.व.मा रु. १०,३६,५२,५६० । -अक्षरेपी दश करोड छत्तीस लाख बाउन्न हजार पाँच सय साठी मात्र) बजेट प्रस्ताव गरिएको छ ।**

**नगर सभाका सभाध्यक्ष ज्यू,**

अब म गत आ.व. २०७६/०७७ को यथार्थ आय व्यय , आ.व. २०७७/०७८ को जेठ मसान्त सम्मको यथार्थ आय र व्यय तथा आसार मसान्त सम्मको संसोधित अनुमान एवं अगामी आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित अनुमानित आय व्ययको विवरण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

गत आर्थिक बर्ष २०७६/०७७ को अनुमानीत आय रु ७१,०४,७२,००० (अक्षरेपी रु एकहत्तर करोड चार लाख बहत्तर हजार मात्र) भएकोमा यथार्थ आय ५८,५५,६९,८३७। (अक्षरेपी रु अन्ठाउन्न करोड पचपन्न लाख उनान्सत्री हजार आठ सय सैंतीस मात्र) रहेको छ भने व्यय रकम रु ५३,२६,९९,०००। (अक्षरेपी रु त्रीपन्न करोड छब्बीस लाख उनान्स हजार मात्र) रहेको छ ।

- चालु आ.व. २०७७/०७८ को अनुमानित आय रु ७४,८८,३४,८३५। ( अक्षरेपी रु. चौहत्तर करोड अठासी लाख चौतिस हजार आठ सय पैंतिस मात्र) रहेको छ भने जेठ मसान्त सम्मको यर्थाथ आय रु ६३,४०,४०,८६०। ( अक्षरेपी रु. त्रीसठ्ठी करोड चालिस लाख चालीस हजार आठ सय साठी मात्र), व्यय रकम रु ४३,०५,१३,३०९।४२ (अक्षरेपी रु. त्रिचालीस करोड पाँच लाख तेह्र हजार तीन सय नौ रुपैया पैसा वयालिस मात्र) भएको छ र असार मसान्त सम्मको संसोधित अनुमानित आय रु ७४,८८,३४,८३५। ( अक्षरेपी रु. चौहत्तर करोड अठासी लाख चौतिस हजार आठ सय पैंतिस मात्र) गरिएको छ भने अनुमानित व्यय रु

७४,८८,३४,८३५। ( अक्षरेपी रु. चौहत्तर करोड अठासी लाख चौतिस हजार आठ सय पैंतिस मात्र) हुने अनुमान गरिएको छ । समग्रमा विगत तीन बर्षको बजेटको आकार देहाय अनुसार भएको प्रस्तुत गरिएको छ ।

**तीन वर्षको बजेट विश्लेषण**

| आ.ब | अनुमानित आय | यथार्थ आय | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| आ.ब २०७५/०७६ | ५१,९६,९४,४५० | ६०,१३,५०,३७३ | ५३,५१,६४,८५० | ९७.११% |
| आ.ब २०७६/०७७ | ७१,०४,७२,००० | ५८,५५,६९,८६७ | ५३,२६,९९,००० | ७४.९८% |
| आ.ब २०७७/०७८ | ७४,८८,३४,८३५ | ६३,४०,४०,८६०.९ | ४३,०५,१३,३०९.४ | ५७.४९% |

परशुराम नगरपा

आगामी आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित अनुमानित आय व्यय तर्फ :

| सि.न. | आय शिर्षकको नाम | अनुमानित आय | अनुमानित ब्यय |
|---|---|---|---|
| १ | आन्तरीक आय | २,५०,००,००० | २,५०,००,००० |
| २ | संघ बाट प्राप्त वित्तीय समानीकरण अनुदान | १२,१३,००,००० | १२,१३,००,००० |
| ३ | संघ बाट प्राप्त राजश्व बाडफाड रकम | ११,०१,१६,००० | ११,०१,१६,००० |
| ४ | संघीय संचीत कोष बाट प्राप्त बिशेष अनुदान | २,१६,००,००० | २,१६,००,००० |
| ५ | संघीय संचीत कोष बाट प्राप्त शसर्त अनुदान | ३०,४६,००,००० | ३०,४६,००,००० |
| ६ | संघीय संचीत कोष बाट प्राप्त सम्पुरक अनुदान | ४२,००,००० | ४२,००,००० |
| ७ | अन्तर सरकारी सामाजीक सुरक्षा अनुदान | १३,३०,००,००० | १३,३०,००,००० |
| ८ | प्रदेश बाट प्राप्त वित्तीय समानीकरण अनुदान | ८६,४९,००० | ८६,४९,००० |
| ९ | प्रदेश बाट प्राप्त राजश्व बाडफाड रकम | ३२,७४,००० | ३२,७४,००० |
| १० | प्रदेश संचीत कोष बाट प्राप्त बिशेष अनुदान | ५०,००,००० | ५०,००,००० |
| ११ | प्रदेश संचीत कोष बाट प्राप्त सम्पुरक अनुदान | ५३,०७,००० | ५३,०७,००० |
| १२ | सडक बोर्ड | ६५,००,००० | ६५,००,००० |
|  | **कुल जम्मा** | **७४,८५,४६,०००** | **७४,८५,४६,०००** |

प्रस्तावित अनुमानित आय रु. ७४,८५,४६,०००। (अक्षरेपी रु चौहत्तर करोड पचासि लाख छयालीस हजार मात्र) रहेको छ भने व्यय रकम रु.७४,८५,४६,०००। (अक्षरेपी रु चौहत्तर करोड पचासि लाख छयालीस हजार मात्र) प्रस्तावित गरिएको छ ।

वजेट विश्लेषणको आधारमा तुलना गर्दा चालु आर्थिक वर्ष २०७७/०७८ को तुलनामा आगामी आर्थिक वर्ष २०७८/०७९ को चालु वजेट तर्फ २३ प्रतिसतले वृद्धि भएकोछ भने पुजिगत वजेट तर्फ ५१ प्रतिसतले न्यून भएको छ । समग्रमा चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षको वजेट ०.०३९ प्रतिसतले घट्न गएको छ ।

**अन्तमा**

हामी नेतृत्वको उत्तरार्धमा छौं, हामीले के गर्‍यौं जनताको माझमा घाम जस्तै छर्लंग छ । परशुराम नगरपालिकालाई कुन दिशामा लैजाने भन्ने योजनाबद्ध विकासको प्रारम्भ गरिएको छ । उत्तरार्धमा रहँदा हामीले गरेको चार वर्ष अवधिको समिक्षा गर्नु नै पर्ने हुन्छ । को कहानेर कति चुक्यौं कति गर्न सक्यौं त्यसको समिक्षा परशुरामबासीले स्वयंममा गर्नेछन् तर हामीले गरेका विकास निर्माण र शुशासनको पक्षले भावी नेतृत्वलाई प्रारुप तयार गरेको छ । काम गर्दै गर्दा नगरको व्यवस्थापकीय पक्ष र नीतिगत अभ्यासहरुमा बढी समय खर्चिनु पर्‍यो भने चालु आर्थिक वर्ष पनि विश्वब्यापी रुपमा फैलिएको कोरोना महामारीले सिर्जना गरेको संकट सामना गर्न निकै चुनौती पुर्ण रह्यो । पर्याप्त जनशक्तिको अभाव सीमित स्रोत साधन ऐन नियम कानून नयाँ निर्माण गर्नुपर्ने व्यवस्थापकिय अभ्यासको नयाँ अनुभवमा नै कार्यकालको लामो समय ब्यतीत भयो । त्यसैमा दुइ वर्ष विश्वव्यापी महामारीको रुपमा फैलिएको कारोना भाईरस का कारण विश्व ले एकै पटक मानवीय र आर्थिक संकट सामना गर्नुपरेको छ । स्वास्थ्य संकट, भाईरसको प्रभावबाट बच्न गरिएको बन्दाबन्दीले उत्पादन, व्यापार, विकास निर्माण तथा लगानी प्रभावित भई अर्थतन्त्रमा संकुचन आएको छ । त्यसको प्रत्यक्ष असर हामीले पनि भोग्नु परयो । अपेक्षाकृत उन्नती र विकास गर्न नसकिए पनि परशुराम बासीको साथ समर्थन सहयोग बाट केही उल्लेख्य कार्य पनि भएका छन् । जो ईतिहासका रुपमा जिवन्त रहने छन् । हाम्रै समयमा कोरोना महामारीको समस्या

परशुराम नगरपालिका

आईलाग्यो जसले विदेशमा रोजगारीका लागि गएका हाम्रा नगरिकहरु रोजगारी गुमाई घर फर्किन वाध्य भएकाले रोजगारी श्रृजनागरि स्व-रोजगार संग आवद्ध गर्नु हाम्रो लागि अर्को चुनौती वनेको छ । महामारी सँग जुझ्दै आफ्ना गतिविधीलाई निरन्तर रुपमा अगाडी बढाई नै रहेका छौ । स्वास्थ्य सतर्कता, नागरिकको जीउधनको सुरक्षा, रोकथाम र उपचारलाई नगरले प्राथमिकतामा नै राखेको छ । विकासको प्रथम प्राथमिकता स्वास्थ्य बनेको छ । स्वास्थ्य सँगै शिक्षा, भौतिक पूर्वाधार हाम्रो प्राथमिकताका विषय रहेका छन्। त्यसैमा स्थानीय सरकारले शुशासनको अनुभुती दिलाउनु परेको छ।

तमाम कठिनाई र चुनौतिका बाबजुद पनि गत चार वर्षका नीति कार्यक्रम र बजेटमा उल्लेखित कार्यक्रमहरुलाई उल्लेख्य रुपमा कार्यान्वयनमा ल्याइएको छ । ऐन, नियम जारी भई कार्यान्वयनमा आई सकेका छन । आवस्यक जनशक्तिको अभाव खटकिएको अवस्था नै छ । हाम्रा महत्वाकांक्षा उच्च छन्  तर प्राप्त स्रोत साधन सिमित छन । सिमित स्रोत साधनको समुचित प्रयोग गरी जनभावना अनुकुल कार्यक्रम ल्याउने हाम्रो प्रयास भई रहेको छ । परशुराम नगरपालिकालाई समुन्नत, समृद्ध हेर्ने हाम्रो चाहना अनुरुप सबैको साथ समर्थन र सहयोग निरन्तर रहेमा केहि सकारात्मक परिणामहरु प्राप्त गर्न अवस्य हामी सफल हुने मैले आसा गरेको छु । आफ्नो अनुभव, सिप, सार्मथ्यको अधिकतम उपयोग गर्दै आफ्नो क्षमता, विवेक र पहुँचले भ्याए सम्म सन्तुलित विकासको समुन्नत नगर निर्माण गर्न लागि पर्नेछु । सामाजिक आर्थिक रुपान्तरणको समय आएको छ । तमाम धार्मीक स्थललाई पर्यटकीय सञ्जालमा जोड्न सकिए पर्यटन विकासको नयाँ चरण प्रारम्भ हुन जानेछ । परशुराम तीर्थलाई हिन्दू आस्थाको केन्द्र बनाउन सकियो भने आर्थिक, साािजक परिवर्तनको समेत आधार बन्न जाने समेत निश्चित छ । हामीले काम गर्दै गर्दा हामी सँग नयाँ संरचना, नयाँ सोच, नयाँ नेतृत्वलाई संगै व्यबस्थापन गरी उर्जाशिल रुपमा काम गर्‍यौ । जसको परिणाम जनता सामुमा रहेको छ । टोल, बस्ती, वडा तह नगर तहमा हाम्रा गतिविधीको एक एक समिक्षा जनताले गर्ने नै छन् । हामी सँग पर्याप्त सम्भावना थिए सम्भावना हुँदा हुँदै पनि हामीले गर्न सकेको यति नै हो । हामी सँग रहेको वाँकी समय परशुराम वासीका लागि

परशुराम नगरपालिका

परशुरामको समृद्धि संग जोडेर लैजान आवस्यक छ । दृढ ईच्छा शक्तिले गर्न खोजे गर्न सकिने ठाउँ प्रशस्त छन् । कुनै पनि ठाँउ आफैमा अविकसित हुदैन तर अव्यबस्थित मात्र हुन्छ । हामी संग पर्याप्त स्रोत साधन छ जसको व्यवस्थीत प्रयोग भएको छैन । श्रोत साधनको समुचित व्यबस्थापन मात्र गर्न सके तमाम सम्भावना पहिल्याउन सकिने सुनिश्चित छ ।

**नगर सभाका सभाध्यक्ष ज्यू,**

मैले नेतृत्व समाल्दै गर्दा तपाईहरुको साथ सर्मथन सहयोग निरन्तर रह्यो । जसका कारणले सफल कार्यकालका रुपमा ४ वर्ष विताएका छौं । आगामी दिनमा पनि सहयोगको अपेक्षा गरेको छु । हामी कुन रुपमा कहाँ जाने छौ समयले बताउने छ जहाँ जे जस्तो अवस्थामा रहे पनि सामाजिक गतिविधीमा नै रहने छौं । हाम्रा हरेक प्रयास परशुराम नगरको समुन्नती सँग जोडिनेछ । हामी सबैले सुन्दर, समृद्ध नगर बनाउने जनता माझ संकल्प गरेका थियौं । हाम्रा काम कारवाही र गतिविधीको आत्म समिक्षा, पुनरावलोकन गर्ने समय आएको छ । बाँकी अवधिमा समेत जनता समक्ष गरेको संकल्प कार्यान्वयन गर्नु तपाई हाम्रो दायित्व हो । प्रकारान्तले नेतृत्व मैले गरे तर परशुराम नगरको समुन्नती र बिकास हाम्रो साझा प्रतिबद्वता हो । सवै साथीहरुले आ–आफ्नो तहमा नेतृत्वदायी भुमिका निर्वाह गर्नु भयो । नगरको बिकासका लागि हामी सबै एकसाथ लाग्यौं हातेमालो गर्‍यौं र सफल परिणाम पनि ल्याएका छौ र वाँकी अवधि नगरको उन्नती र समृद्विको संकल्प गरौं । मैले मेरो ज्ञान, सिप, पहुँच, सार्मथ्यले भ्याए सम्म अधिकतम समय क्षमताको पुरा–पुरा प्रयोग नगरको विकास समृद्धिका लागि गरे । आफ्ना ब्यक्तिगत काम कारवाहीलाई थाती राखी नगरको विकास नागरकिले पाउने सेवा मेरो पहिलो प्राथमिकता रहयो । यसै वीचमा कोरोना महामारी पनि झेल्नु पर्‍यो । महामारीबाट सिर्जित संकटको यस घडीमा सम्पूर्ण नगरवासीको सु–स्वास्थ्यको कामना गर्दछु । यस अवधिमा अग्रपंक्तिमा रही काम गर्ने राष्ट्रसेवक कर्मचारी स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधी, राजनीतिक दल, नागरिक समाज, पत्रकारहरुको सहयोगको

उच्च सम्मान गर्दछु । विपद्का बेला एकसाथ लाग्नुपर्छ भन्ने उदाहरण पनि हो । अझै पनि हाम्रो हरेक प्रयास नगरवासीको स्वास्थ्य रक्षाका लागि हुनेछ । यस्तो संवेदनशिल अवस्थामा नागरिकको जीवन रक्षा नगरपालिकाको पहिलो प्राथमिकता हुनेछ । यो नीति कार्यक्रम र वजेट तयार पार्नमा सहयोग गर्नु हुने सम्पुर्ण राजनीतिक दल, नागरिक समाज, संचारकर्मी, देश विदेशवाट अनलाईन मार्फत सूझाव प्रदान गर्ने प्रवुद्ध वर्ग, वजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, नगर उप प्रमुखज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रती धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति कायर्क्रम तथा बजेट पारित गर्न/गराउन नगरसभाका सदस्य ज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

**धन्यवाद ॥॥**

परशुराम नगरपालिका